# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र मातहतका कार्यालयबाट सञ्चालन हुने युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८०

मानिनीय मन्त्रीस्तरीय निर्णयबाट मिति २०८०/०६/२१ मा स्वीकृत।

## आ.ब. २०८०/०८१

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा, नेपाल

# विषय सूची


**खण्डः एक** ....................................................................................................................१

**परिचय तथा उद्देश्य**.........................................................................................................१

१.१. परिचयः .......................................................................................................१

१.२. उद्देश्यः.........................................................................................................१

१.३. कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था : .............................................................१

१.४. कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरुः ...........................................१

**खण्डः दुई**......................................................................................................................३

**वार्षिक विकास कार्यक्रम र कार्यान्वयन** ......................................................................३

**मन्त्रालय तर्फ (चालु कार्यक्रम)** ...................................................................................३

**२.१ युवा तर्फ** .....................................................................................................३

२.१.१ युवा उद्यमीहरुको सम्मेलन/युवा उद्यमी अनुभव आदान प्रदान ...........................३

२.१.२ प्रदेश युवा संजाल गठन तथा परिचालन ..........................................................३

२.१.३ युवा वैज्ञानिक सम्मेलन/सहभागिता/आयोजना .................................................४

२.१.४ प्रदेश अन्तर्गत विभिन्न क्षेत्रमा विशेष योगदान गरेका युवा प्रतिभा पहिचान तथा सम्मान कार्यक्रम ........................................................................................................४

२.१.५ युवाको आचरण र सदाचार, आर्थिक, सामाजिक, राजनितिक एवं साँस्कृतिक सशक्तिकरणका लागि युवा सचेतना एवं अभिमुखिकरण .....................................................**५**

२.१.६ युवा लक्षित प्राविधिक, सीपमुलक एवं व्यवसायिक तथा उद्यमशिलता तालिम .......६

२.१.७ युवाको क्षमता तथा नेतृत्व विकास कार्यक्रम .....................................................६

२.१.८ युवा क्लव प्रशिक्षण र परिचालन......................................................................७

२.१.९ युवामा दुर्व्यसन र विकृतिलाई निरुत्साहित गर्न सरकारी, निजीक्षेत्र र गैरसरकारी संघसंस्थालाई परिचालन गरी सचेतना तथा परामर्श कार्यक्रम ......................................७

२.१.१० परम्परागत पेशालाई आधुनिकीकरण गर्न युवालाई प्रोत्साहन कार्यक्रम ...............८

२.१.११ अपाङ्गता भएका युवा उद्यमीलाई प्रोत्साहन सहयोग.......................................१०

२.१.१२ लागु औषध तथा कुलतमा लागेका युवाका लागि मनोपरामर्श तथा प्रशिक्षण कार्यक्रम....... ११

२.१.१३ नेपाल स्काउट सम्बन्धी तालिम तथा प्रशिक्षण कार्यक्रम.................................. १२

२.१.१४ युवा उद्यम तथा स्वरोजगार कार्यक्रम.............................................................. १३

**२.२ खेलकुद तर्फ**...................................................................................................... **१६**

२.२.१ एक स्थानीय तह एक खेलमैदान निर्माण एवं स्तरोन्नति ................................... १६

२.२.२ खेलकुद मैदान मर्मत सम्भार .......................................................................... १८

२.२.३ खेलकुद सम्बन्धी तालिम, गोष्ठी तथा अनुसन्धान कार्य .................................... २०

२.२.४ राष्ट्र तथा प्रदेशको गौरब राख्न सफल प्रदेशका खेलाडीहरुलाई सम्मान तथा प्रोत्साहन......... २१

२.२.५ विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्ने संघ/संस्थालाई अनुदान रकम....................... २२

२.२.६ युवा तथा खेलकुद सम्वन्धित दिवस तथा समारोह सञ्चालन................................. २२

२.२.७ युवा क्लब तथा खेलकुद सम्वन्धी संस्थाहरुका लागि खेलकुद सामग्री प्रोत्साहन कार्यक्रम .... २३

२.२.८ गण्डकी प्रदेशबाट ओलम्पिक खेलमा सहभागी खेलाडीहरुलाई प्रोत्साहन ..................... २४

२.२.९ उत्पादनशील उद्यम तथा स्वरोजगारमा लागेका प्रदेश अन्तर्गतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा खेलाडीहरुलाई प्रोत्साहन कार्यक्रम........ २५
२.२.१० राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेशका खेलाडीहरुको सहभागिताका लागि सहयोग कार्यक्रम........ २६
**२.३ सामाजिक विकास कार्यालय (खेलमैदान निर्माण/खेलमैदान स्तरोन्नति/खेलमैदान मर्मत संभार) कार्यक्रम........ २८**
अनुसूचीहरु........ ३०
**अनुसूची-१ ........ ३०**
परम्परागत पेशा व्यवसायीले पेश गर्ने प्रस्तावको ढाँचा........ ३०
**अनुसूची २ ........ ३१**
परम्परागत पेशा व्यवसायीले पेश गर्ने प्रस्तावको मुल्याङ्कनको अङ्क विभाजन........ ३१
**अनुसूची- ३........ ३२**
सम्झौताको ढाँचा........ ३२
**अनुसूची —४ ........ ३३**
अपाङ्गता भएका युवा उद्यमीलाई प्रोत्साहन सहयोगका लागि युवाले दिने निवेदनको ढाँचा ........ ३३
अनुसूची- ५ ........ ३४
अपाङ्गता भएका युवा उद्यमीलाई प्रोत्साहन सहयोग प्रस्ताव मुल्याङ्कनको अङ्क विभाजनका आधारहरू.... ३४
**अनुसूची-६ ........ ३५**
सम्झौताको ढाँचा........ ३५
**अनुसूची-७ ........ ३६**
युवा उद्यम तथा स्वरोजगार कार्यक्रम प्रस्तावको ढाँचा........ ३६
**अनुसूची-८ ........ ३७**
युवा उद्यम तथा स्वरोजगार कार्यक्रम प्रस्तावको मूल्याङ्कनका आधार र अङ्क विभाजन........ ३७
**अनुसूची - ९ ........ ३८**
स्वघोषणा पत्र........ ३८
**अनुसूची- १० ........ ३९**
युवा उद्यम तथा स्वरोजगार कार्यक्रम सम्झौताको ढाँचाको नमुना........ ३९
**अनुसूची -११ ........ ४०**
एक स्थानीय तह एक खेलमैदान निर्माण एवं स्तरोन्नती सम्बन्धी कार्यक्रम प्रस्तावको ढाँचा ........ ४०
**अनुसूची -१२ ........ ४२**
एक स्थानीय तह एक खेलमैदान निर्माण एवं स्तरोन्नति कार्यक्रम प्रस्ताव छनौटका आधारहरु .... ४२
**अनुसूची-१३........ ४३**
एक स्थानीय तह एक खेलमैदान निर्माण एवं स्तरोन्नति कार्यक्रमको सम्झौताको ढाँचा........ ४३
**अनुसूची- १४ ........ ४७**
आयोजना सूचना पाटीको नमुना ........ ४७
**अनुसूची - १५........ ४८**
स्वघोषणा -पत्र........ ४८
**अनुसूची - १६........ ४९**

कार्य सम्पन्न प्रतिवेदनको ढाँचा........................................................................................ ४९
**अनुसूची -१७ ........................................................................................................... ५०**
खेलकुद मैदान मर्मत सम्भार सम्बन्धी कार्यक्रमको प्रस्तावको ढाँचा ................................................ ५०
**अनुसूची - १८ ......................................................................................................... ५२**
खेलकुद मैदान मर्मत सम्भार कार्यक्रम छनौटका आधारहरु................................................................ ५२
**अनुसूची-१९ ............................................................................................................ ५३**
खेलकुद मैदान मर्मत सम्भार सम्झौताको ढाँचा............................................................................ ५३
**अनुसूची-२० ............................................................................................................ ५७**
आयोजना सूचना पाटीको नमुना ............................................................................................... ५७
**अनुसूची- २१ ........................................................................................................... ५८**
स्वघोषणा -पत्र............................................................................................................... ५८
**अनुसूची- २२ ........................................................................................................... ५९**
कार्य सम्पन्न प्रतिवेदनको ढाँचा........................................................................................ ५९
**अनुसूची —२३ ........................................................................................................... ६०**
उत्पादनशील उद्यम तथा स्वरोजगारमा लागेका गण्डकी प्रदेशका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा खेलाडीलाई प्रोत्साहन सहयोगका लागि युवाले दिने प्रस्तावको ढाँचा......................................................... ६०
**अनुसूची- २४ ........................................................................................................... ६१**
उत्पादनशील उद्यम तथा स्वरोजगारमा लागेका गण्डकी प्रदेशका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा खेलाडीलाई प्रोत्साहन सहयोगका लागि प्रस्ताव मूल्याङ्कनको अङ्क विभाजनका आधारहरू................................ ६१
**अनुसूची-२५ ............................................................................................................ ६२**
सम्झौताको ढाँचा............................................................................................................ ६२
**अनुसूची -२६ ........................................................................................................... ६३**
सामाजिक विकास कार्यालयबाट कार्यान्वयन हुने ........................................................................ ६३
खेल मैदान निर्माण/ स्तरोन्नति/मर्मत सम्भार सम्बन्धी कार्यक्रमको निवेदन/प्रस्तावको ढाँचा .......... ६३
**अनुसूची- २७ ........................................................................................................... ६५**
आयोजना सम्झौता गर्दा र सम्पन्न पछि भुक्तानीका लागि पेश गर्नु पर्ने कागजातहरु..................... ६५

## खण्डः एक
## परिचय तथा उद्देश्य

### १.१. परिचयः

गण्डकी प्रदेश सरकारको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम अनुसार युवाको सीप र नेतृत्व क्षमतालाई प्रस्फुटित गर्दै विकासमा युवा सहभागिता वृद्धि गर्न तथा युवाहरुलाई उद्यमशिल, स्वरोजगार र स्वावलम्बीका साथै दुर्व्यसनमुक्त सशक्त युवा वनाउनका लागि वजेट वक्तव्यमा **"उद्यमी युवा, समृद्ध प्रदेश निर्माणमा टेवा"** भन्ने नाराका साथ युवाहरुको प्रत्यक्ष सहभागितामा लक्षित कार्यक्रम सञ्चालन गर्ने विषयलाई विशेष प्राथमिकता दिइएको छ । त्यसैगरी गण्डकी प्रदेशलाई खेलकुद पर्यटन केन्द्रको रुपमा विकास गर्न **"खेल्छ गण्डकी"** कार्यक्रमलाई निरन्तरता दिदै **"सवैका लागि खेलकुद"** भन्ने नारालाई आत्मासात् गर्दै खेलकुद विकासका लागि विद्यालय तह देखि नै गतिविधि सञ्चालन गरी प्रतिस्पर्धी खेलाडी उत्पादन गर्न लक्षित कार्यक्रमहरु व्यवस्था गरिएको छ । प्रदेश सरकारबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि,२०७७ को दफा ४० अनुसार मन्त्रालयले वार्षिक विकास तथा कार्यक्रमको कार्यान्वयन गर्न यस कार्यविधि वमोजिम आवश्यक मापदण्ड बनाई मन्त्रीस्तरीय निर्णयले कार्यान्वयन गर्न सक्नेछ भन्ने व्यवस्था भएको हुदा सामाजिक विकास तथा स्वास्थ मन्त्रालय र अन्तर्गतका निकायहरुको युवा तथा खेलकुद विकास तर्फको आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम र वजेट कार्यान्वयन गर्न गराउन यो **"वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड २०८०"** स्वीकृत गरिएको छ ।

### १.२. उद्देश्यः

- वार्षिक विकास कार्यक्रमहरु सहज र सरल तरिकाले सम्पादन गर्नु,
- कार्यक्रम कार्यान्वयनमा एकरुपता, प्रभावकारिता र गुणस्तरीयता कायम गर्नु,
- कार्यक्रम र वजेट कार्यान्वयनमा आर्थिक पारदर्शिता तथा मितव्ययिता कायम गर्नु ।

### १.३. कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्थाः

कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, भ्रमण खर्च नियमावली २०६४, गण्डकी प्रदेशद्वारा स्वीकृत खर्चको मापदण्ड २०७९, गण्डकी प्रदेश, आर्थिक मामिला मन्त्रालयबाट जारी भएको आ.व. २०८०।०८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन र बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि २०७७ मा भएको व्यवस्था बमोजिम हुनेछ । प्रचलित कानूनसँग यो मापदण्ड बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून लागू हुनेछ ।

### १.४. कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरुः

- यस मापदण्डको पालना गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार कर्मचारीको हुनेछ।
- कार्यक्रम शुरु गर्नु अघि लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराई सञ्चालन गर्नु/गराउनु पर्नेछ ।
- कार्यक्रम सञ्चालन गर्दा कार्यालय प्रमुख, लेखा प्रमुख र कार्यक्रमको जिम्मेवार प्राप्त कर्मचारीको समन्वयमा सञ्चालन गर्नु पर्नेछ ।

- कार्यक्रम सञ्चालन गर्दा तोकिएको त्रैमासिक भित्रै सञ्चालन गर्नु पर्नेछ ।
- यस मापदण्डका अनुसार कार्यक्रम सञ्चालन गर्दा गण्डकी प्रदेश सरकारबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिकाको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकार, राष्ट्रिय युवा परिषद् र राष्ट्रिय खेलकुद परिषद्बाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिका समेतलाई आधार मानी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।
- सामान्यतः यस आर्थिक वर्षको आर्थिक दायित्व आगामी आर्थिक वर्षमा सर्ने गरी कार्यक्रम सञ्चालन गरिने छैन ।
- सम्पादित क्रियाकलापको आन्तरिक र वाह्य लेखा परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ। यस कार्यमा सहयोग गर्नको लागि सम्बन्धित कर्मचारी जिम्मेवार रहनेछ ।
- सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्न नीतिगत मार्गदर्शन २०७५ समेत अनुशरण गर्नु पर्नेछ ।
- कार्यक्रमको मुख्य मुख्य उपलब्धी र वित्तीय प्रगति मासिक रूपमा एवम् भौतिक तथा वित्तीय प्रगति त्रैमासिक र वार्षिक रुपमा तयार गर्नु पर्नेछ ।

**नोटः**- प्रचलित आर्थिक ऐन, नियमावली र कार्यविधि संशोधन वा जारी भएमा सोही बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

## खण्डः दुई
## वार्षिक विकास कार्यक्रम र कार्यान्वयन

**मन्त्रालय तर्फ (चालु कार्यक्रम)**

### २.१ युवा तर्फ

### २.१.१ युवा उद्यमीहरुको सम्मेलन/युवा उद्यमी अनुभव आदान प्रदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | १००० | दोस्रो र तेस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | युवालाई उद्यमशिल, व्यवसायी र आत्मनिर्भर बनाउन युवाहरुको विच अन्तरक्रिया, अनुभव आदान प्रदान गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | युवाहरुको विच अन्तरक्रिया गरी उनीहरुलाई उत्पादनमुलक क्षेत्रमा काम गर्न प्रोत्साहन गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश,पोखरा । |
| ४. बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च लगायतका अन्य विविध खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | समन्वय, बैठक तयारी तथा सञ्चालन, यस वर्ष अनुदान पाएका तथा अन्य उद्यमी युवाबाट भए गरेका कार्यहरुको अनुभव आदान प्रदान तथा सुझाव संकलन । |
| ६. अपेक्षित प्रतिफल | युवालाई उद्यमशिल व्यवसायी र आत्मनिर्भर बन्न सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | कार्यक्रम सञ्चालन सम्बन्धी कागजात,खर्चका विल भरपाईहरु र प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |

### २.१.२ प्रदेश युवा संजाल गठन तथा परिचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ११०० | पहिलो र दोस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा गठन भएको युवा संजाललाई प्रभावकारी रुपमा परिचालन गरी युवाका सवालहरुलाई सम्वोधन र कार्यान्वयन गर्नको लागि यो कार्यक्रमको आवश्यकता देखिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | प्रदेश स्तरीय युवा संजाललाई परिचालन गरी युवाका सवालहरुलाई सम्वोधन तथा कार्यान्वयन गर्न सहयोग पु-यनउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |
| ४. बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च लगायतका अन्य खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • समन्वय, बैठक तयारी तथा सञ्चालन,<br>• एघार वटै जिल्लामा युवा संजाल गठन, छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन,<br>• सुझाव संकलन तथा प्रतिवेदन तयार गर्ने । |

| | | |
|---|---|---|
| ६. | अपेक्षित प्रतिफल | प्रदेश युवा संजाल मार्फत युवा केन्द्रित सवाललाई संवोधन भएको हुनेछ । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम सञ्चालन सम्बन्धी विवरण,<br>• खर्चका प्रमाणित विल/भरपाईहरु,<br>• प्रतिवेदन । |
| ८. | अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |

## २.१.३ युवा वैज्ञानिक सम्मेलन/सहभागिता/आयोजना

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ५०० | पहिलो र दोस्रो त्रैमासिक |

| शीर्षक | | विवरण |
|---|---|---|
| १. | पृष्ठभूमि | प्रदेश भित्रका युवाहरुले नवप्रवर्तनकारी कार्यहरु, नयाँ आविष्कार जस्ता प्रतिभाहरु भएका युवाहरुलाई उनीहरुले गरेको वैज्ञानिक कार्यको निरन्तरता तथा प्रोत्साहन गर्नको लागि सोसँग सम्वन्धित विषयहरुको पहिचान गरी प्रस्तुत गर्न र सिकाई आदान प्रदान गर्न यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | • प्रदेशस्तरीय युवा वैज्ञानिकहरुको पहिचान गरि आफ्नो खोज प्रति लगनशिल र जिम्मेवार हुन उत्प्रेरित गर्नु । |
| ३. | कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |
| ४. | बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन लगायतका अन्य विविध खर्चहरु । |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • युवा वैज्ञानिकहरुको सूचिकृत गर्ने,<br>• समन्वय, बैठक तयारी तथा सञ्चालन गर्ने,<br>• युवा वैज्ञानिक सम्मेलन आयोजना/ सहभागिता ।<br>• प्रतिवेदन तयार गर्ने । |
| ६. | अपेक्षित प्रतिफल | गण्डकी प्रदेशका युवा वैज्ञानिकहरुको प्रोत्साहनमा सघाउ पुग्नेछ । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम सञ्चालन सम्बन्धी विवरण,<br>• खर्चका विल भरपाईहरु,<br>• प्रतिवेदन । |
| ८. | अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |

## २.१.४ प्रदेश अन्तर्गत विभिन्न क्षेत्रमा विशेष योगदान गरेका युवा प्रतिभा पहिचान तथा सम्मान कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (हजारमा.रु) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | १००० | पहिलो र दोस्रो |

| शीर्षक | | विवरण |
|---|---|---|
| १. | पृष्ठभूमि | गण्डकी प्रदेशमा युवाको सीप र नेतृत्व क्षमतालाई प्रस्फुटित गर्दै विकासमा युवाको सहभागिता वृद्धि गर्न तथा युवा प्रतिभाको पहिचान गरि क्षेत्रगत रुपमा विशेष योगदान गरेका युवाहरुलाई सम्मान गरि थप हौसला प्रदान गर्न यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | • युवाहरुको प्रतिभा पहिचान गरी उनीहरुले आ-आफ्नो क्षेत्रमा गरेका |

| | |
|---|---|
| | योगदानको आधारमा पुरस्कार र सम्मान गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |
| ४. बजेट बाँडफाँट | पुरस्कार तथा सम्मान कार्यक्रम खर्च, कार्यक्रम सञ्चालन तथा व्यवस्थापन तगायतका अन्य विविध खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • जिल्ला युवा समितिसँग समन्वय गरी नव युवा प्रतिभा छनौटका क्षेत्र, विधा एवं प्रक्रिया निर्धारण गर्ने,<br>• सूचना प्रकाशन<br>• नव युवा प्रतिभा छनौट,<br>• क्षेत्र, विधा अनुसारको युवा प्रतिभालाई पुरस्कार तथा सम्मान गर्ने । |
| ६. अपेक्षित प्रतिफल | उत्कृष्ट युवा प्रतिभा पहिचान भई पुरस्कृत एवं सम्मानित भएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम सञ्चालन सम्बन्धी समन्वय वैठकको निर्णय समेतका विवरणहरु<br>• खर्चका विल/भरपाईहरु र प्रतिवेदन । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |

**२.१.५ युवाको आचरण र सदाचार, आर्थिक, सामाजिक, राजनितिक एवं साँस्कृतिक सशक्तिकरणका लागि युवा सचेतना एवं अभिमुखिकरण**

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु.हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | १००० | पहिलो र दोस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | "**गण्डकी समाज, सभ्य समाज**" निर्माणका लागि युवाहरुमा नैतिकता, सदाचार विकास गरी समाज र राष्ट्र प्रतिको दायित्व बोध गराउनुका साथै आर्थिक, सामाजिक, राजनितिक एवं साँस्कृतिक सशक्तिकरण गर्नका लागि यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | युवाहरुको आचरण र सदाचार, आर्थिक, सामाजिक, राजनीतिक एवं साँस्कृतिक सशक्तिकरणको लागि युवा सचेतना अभिवृद्धि गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा |
| ४. बजेट बाँडफाँट | प्रचार प्रसार, छलफल तथा अन्तरक्रिया, सचेतनामुलक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन लगायतका अन्य विविध खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • सरोकारवालाहरुसँग समन्वय,<br>• कार्यक्रमका सहभागी र स्थान छनौट,<br>• प्रचार प्रसार (अन्तर सम्वाद/जिङ्गल), छलफल तथा अन्तरक्रिया<br>• युवा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने |
| ६. अपेक्षित प्रतिफल | युवाहरुमा नैतिकता र सदाचार भावनाको विकास भै आर्थिक, सामाजिक, राजनीतिक एवं साँस्कृतिक रुपमा सशक्तिकृत भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • समन्वय बैठक र कार्यक्रम सञ्चालन सम्बन्धी विवरण,<br>• खर्चका विल भरपाईहरु र कार्यक्रमको प्रतिवेदन । |

| | |
|---|---|
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |

## २.१.६ युवा लक्षित प्राविधिक, सीपमुलक एवं व्यवसायिक तथा उद्यमशिलता तालिम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | १००० | दोस्रो र तेस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | युवाहरुमा रहेको क्रियाशिलता, क्षमता र रुचीका आधारमा उनीहरुलाई उद्यमशिल, व्यवसायी र आत्मनिर्भर बनाउन यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | युवाहरुलाई उद्यमशिल, व्यवसायी र आत्मनिर्भर हुन उत्प्रेरित गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |
| ४. बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन लगायतका अन्य विविध खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • तालिमको अवधारणा सहितको क्षेत्र निर्धारण,<br>• तालिम आवश्यकताको माग संकलन<br>• सहभागी र स्थान छनौट,<br>• व्यवासायिक तथा सीप विकास तालिम केन्द्र र सरोकारवालाहरुसँग समन्वय<br>• मागमा आधारित कार्यक्रम सञ्चालन गर्ने । |
| ६. अपेक्षित प्रतिफल | युवामा उद्यमशिल, व्यवसायी र आत्मनिर्भर बन्न सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • समन्वय बैठक सम्वन्धी विवरणहरु,<br>• तालिम सञ्चालन सम्बन्धी विवरणहरु<br>• खर्चका विल भरपाईहरु र कार्यक्रमको प्रतिवेदन । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |

## २.१.७ युवाको क्षमता तथा नेतृत्व विकास कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ११०० | पहिलो र दोस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | युवालाई राष्ट्र र प्रदेशको विकास एवं समृद्धि प्रति जिम्मेबार, कर्तव्यवोध र नैतिकवान् बनाउन युवाको नेतृत्व क्षमतालाई प्रस्फुटित गर्दै विकासमा युवा सहभागिता वृद्धि गर्नको लागि यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | युवाको नेतृत्व क्षमताको विकासमा सहयोग पुऱ्याउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय,गण्डकी प्रदेश,फोखरा । |
| ४. बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन लगायतका अन्य विविध खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • सरोकारवालाहरुसँगको समन्वय र तयारी बैठक,<br>• सहभागि छनौट र युवाहरुको क्षमता विकास/नेतृत्व विकास/भ्रमण तथा अवलोकन/ अन्तरक्रिया कार्यक्रम सञ्चालन |

| | |
|---|---|
| | • प्रतिवेदन तयार गर्ने । |
| ६. अपेक्षित प्रतिफल | युवाको क्षमता र नेतृत्व विकासमा सहयोग पुगेको हुनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • समन्वय बैठक सम्वन्धी विवरणहरु<br>• कार्यक्रम सञ्चालन सम्बन्धी विवरणहरु<br>• खर्चका विल भरपाईहरु र कार्यक्रमको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश,पोखरा । |

## २.१.८ युवा क्लव प्रशिक्षण र परिचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु.हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ६०० | पहिलो र दोस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशका युवा क्लवमा आवद्ध व्यक्तिहरुलाई प्रशिक्षण र परिचालन गरि राज्यका तल्लो तह गाउँ/नगरपालिकाहरु युवामैत्री बनाउने तथा दिगो विकासका लक्ष्यहरुलाई आ-आफ्नो परिवेशमा स्थानीयकरण र कार्यान्वयनमा नेतृत्वदायी भूमिका खेल्दै युवालाई अधिकार र कर्तव्य प्रति सजग गराउदै राष्ट्र निर्माणमा उत्प्रेरित गर्नको लागि यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | प्रदेश अन्तर्गत युवा क्लव गठन नभएका स्थानीय तहहरुमा युवा क्लब गठन, सहजीकरण, प्रशिक्षण र परिचालन गर्न मद्दत पुऱ्याउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |
| ४. बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित खर्च । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • तयारी बैठक र सरोकारवालाहरुसँग समन्वय,<br>• स्थानीय तहहरुमा युवा क्लव गठन गर्न समन्वय तथा सहजीकरण गर्ने<br>• युवा क्लबहरुलाई प्रशिक्षण र परिचालन गर्ने।<br>• प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | युवा क्लव गठन,प्रशिक्षण र परिचालनमा सहयोग पुगेको हुनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • समन्वय तथा बैठक सम्वन्धी विवरणहरु<br>• कार्यक्रम सञ्चालन सम्बन्धी विवरणहरु,<br>• खर्चका विल भरपाईहरु र कार्यक्रमको प्रतिवेदन। |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश,पोखरा । |

## २.१.९ युवामा दुर्व्यसन र विकृतिलाई निरुत्साहित गर्न सरकारी, निजीक्षेत्र र गैरसरकारी संघसंस्थालाई परिचालन गरी सचेतना तथा परामर्श कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | १००० | पहिलो र दोस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | युवामा दुर्व्यसन र विकृतिलाई निरुत्साहित गर्न परामर्श तथा प्रशिक्षण गराइ कला, सीप र क्षमताको विकासका माध्यमबाट युवाहरुको भाविजीवन सहज र |

| | |
|---|---|
| | सरल तरिकाले यापन गर्न सक्षम बनाउनका लागि सरकारी, निजीक्षेत्र र गैरसरकारी संघ संस्थालाई परिचालन गरी सचेतना तथा परामर्श कार्यक्रम सञ्चालन गर्न आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | सचेतना र परामर्शको माध्यमबाट युवालाई दुर्व्यसन र विकृतिमा लाग्न निरुत्साहित गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |
| ४. बजेट बाँडफाँट | • सन्देशमूलक सूचना सामाग्री तयारी, प्रकाशन र प्रसारण गर्ने,<br>• कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित खर्च । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • सरोकारवाला निकाय र संघसंस्थाको सहयोगमा दुर्व्यसन र विकृतिका क्षेत्र पहिचान गर्ने ।<br>• कार्यक्रमसँग सम्बन्धित सरकारी, निजि र गैरसरकारी संघसंस्थाहरुको सूचीकृत गर्ने,<br>• समन्वय, छलफल तथा अन्तरक्रिया<br>• कार्यक्रम स्थल छनौट र सचेतना तथा परामर्श<br>• प्रतिवेदन तयारी । |
| ६. अपेक्षित प्रतिफल | युवामा दुर्व्यसन र विकृतिलाई निरुत्साहित गर्न सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • समन्वय र बैठक सम्वन्धी विवरणहरु<br>• कार्यक्रम सञ्चालन सम्बन्धी विवरणहरु<br>• प्रचार प्रसार सामाग्रीहरु<br>• खर्चका विल भरपाईहरु र कार्यक्रमको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा। |

## २.१.१० परम्परागत पेशालाई आधुनिकीकरण गर्न युवालाईप्रोत्साहन कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ५०० | पहिलो, दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | रोजगारी सृजना तथा उद्यमशीलताको विकासमा परम्परागत पेशा व्यवसायको महत्वपूर्ण भूमिका रहेको हुन्छ । समयक्रममा धेरै प्रकारका परम्परागत पेशा व्यवसायहरू लोप हुँदै गइरहेको सन्दर्भमा त्यस्ता व्यवसायमा युवाहरूको सहभागिता बढाउँदै संरक्षण, सम्वर्द्धन र आधुनिकीकरण गर्न यो कार्यक्रम राखिएको हो।परम्परागत पेशा व्यवसाय भन्नाले आरन, पानीघट्ट, ग्रामीणस्तरमा सञ्चालन भईरहेका जुत्ता बनाउने, तान बुन्ने आदि पेशा व्यवसायहरु पर्दछन् । |
| २. कार्यक्रमको उद्देश्य | परम्परागत पेशा व्यवसाय अँगालेका युवाहरूलाई आधुनिकिकरण गर्न प्रोत्साहन गर्नु। |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |

| | |
|---|---|
| ४. बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन, व्यवस्थापन तथा प्रोत्साहन सम्वन्धी खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • **प्रस्ताव आवहानः**<br>(१) सम्वन्धित युवाहरुबाट परम्परागत पेशा व्यवसाय सञ्चालन सम्वन्धी प्रस्ताव मागको सूचना प्रकाशित गर्ने ।<br>(२) प्रकाशित सूचनाका आधारमा इच्छुक युवाले अनुसूची १ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहको सिफारिस सहित मन्त्रालय वा सामाजिक विकास कार्यालयहरुमा निवेदन पेश गर्नु पर्नेछ ।<br>• **मूल्याङ्कन तथा सिफारिस समितिः** पेश भएका प्रस्ताव मूल्याङ्कन र सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछः<br>१. युवा तथा खेलकुद महाशाखा प्रमुख,मन्त्रालय संयोजक<br>२. प्रतिनिधि, प्रदेशको विषयगत मन्त्रालय सदस्य<br>३. प्रशासन तथा लेखा प्रमुख, मन्त्रालय सदस्य<br>४. कानून अधिकृत मन्त्रालय सदस्य<br>५. युवा शाखा प्रमुख, सदस्य सचिव<br>(समितिले आवश्यकता अनुसार विज्ञ आमन्त्रण गर्न सक्नेछ । मूल्याङ्कन गर्दा भौगोलिक, जातीय, वर्गीय, पेशागत व्यवसायहरुलाई समेत आधार मानी मूल्याङ्कन गरी छनौट गर्नु गर्नेछ।)<br>• **मूल्याङ्कनका आधारहरूः** परम्परागत पेशालाई आधुनिकीकरण गर्न युवालाई प्रोत्साहन कार्यक्रमको प्रस्तावको मूल्याङ्कन अनुसूची-२ को आधारमा गरिनेछ ।<br>• **प्रोत्साहनः** मूल्याङ्कन तथा सिफारिस समितिले बढिमा रु.एक लाखसम्मको प्रोत्साहन सामाग्री/प्रविधि व्यवस्थापनको लागि रकम निर्धारण गर्नेछ ।<br>• छनौट भएका व्यवसायीहरुलाई सुसूचित गराई अनुसूची ३ को ढाँचामा सम्झौता गरिनेछ ।<br>• स्पेसिफिकेशनको आधारमा गर्ने सामाग्री वा प्रविधि खरिद गर्ने (आवश्यकता अनुसार क्षेत्रगत विज्ञको सहयोग लिन सकिने) ।<br>• छनौट भएका परम्परागत पेशा वा व्यवसायी युवालाई सामाग्री वा प्रविधि हस्तान्तरण गर्ने । |
| ६. अपेक्षित प्रतिफल | परम्परागत पेशा व्यवसायमा लागेका युवाहरूलाई प्रोत्साहन हुदै उद्यमशीलताका साथसाथै उत्पादनमा बृद्धि भएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • प्रस्ताव आव्हान सम्वन्धी विवरणहरु<br>• छनौट र मूल्याङ्कन तथा सिफारिस सम्वन्धी विवरणहरु<br>• सामान खरिद र हस्तान्तरण सम्वन्धी विवरणहरु<br>• सामग्री/प्रविधि खरिद र अन्य खर्चका विल भरपाईहरु,<br>• कार्यक्रमको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |

### २.१.११ अपाङ्गता भएका युवा उद्यमीलाई प्रोत्साहन सहयोग

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | १००० | पहिलो, दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | अपाङ्गता भएका व्यक्तिलाई स्वाबलम्बी र आत्मनिर्भर बनाउन उद्यमशीलताको महत्वलाई महसुस गरी विभिन्न उद्यममा विगत देखि संलग्न हुँदै आएका अपाङ्गता भएका उद्यमीहरूको व्यवसाय प्रवर्द्धनको लागि प्रोत्साहन सहयोग प्रदान गर्न यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • अपाङ्गता भएका युवा उद्यमीहरुलाई प्रोत्साहन सहयोग पुऱ्याउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |
| ४. बजेट बाँडफाँट | सञ्चालन तथा व्यवस्थापन खर्च र प्रोत्साहन रकम |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • **प्रस्ताव आव्हानः** उद्यमशीलतामा आवद्ध वा आवद्ध हुन चाहने अपाङ्गता भएका युवालाई पहिचान गर्न राष्ट्रियस्तरको पत्रिका र वेभसाइटमा २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिनेछ। सूचनाका आधारमा उद्यमशीलतामा आवद्ध वा आवद्ध हुन चाहने अपाङ्गता भएका युवाले अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहको सिफारिस सहित मन्त्रालय/सामाजिक विकास कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।<br>• **मूल्याङ्कनका आधारहरूः** उद्यमशीलतामा आवद्ध वा आवद्ध हुन चाहने अपाङ्गता भएका युवाको छनोट गर्ने मूल्याङ्कनका आधारहरु अनुसूची ५ वमोजिमको हुनेछ।<br>• **मूल्याङ्कन तथा सिफारिस समितिः** अपाङ्गता भएका युवा उद्यमी छनौटका लागि देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछः<br>१. महाशाखा प्रमुख, युवा तथा खेलकुद महाशाखा - संयोजक<br>२. विषयसँग सम्वन्धित मन्त्रालयका प्रतिनिधि एकजना - सदस्य<br>३. मन्त्रालयको कानुन अधिकृत - सदस्य<br>४. प्रदेशस्तरको अपाङ्ग महासंघको प्रतिनिधि - सदस्य<br>५. युवा शाखा प्रमुख - सदस्य सचिव<br>(समितिले बैठकमा आवश्यकता अनुसार विज्ञ आमन्त्रित गर्न सक्नेछ। पेश भएका प्रस्ताव मूल्याङ्कन गर्दा आवश्यकतानुसार भौगोलिक, जातीय, वर्गीय, पेशागत आधारहरुलाई समेत आधार मानी मूल्याङ्कन गरी छनौटका लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ।<br>• प्रस्ताव छनौट गर्ने<br>• **अनुदान रकमः** मूल्याङ्कन तथा सिफारिस समितिले अनुदान वढिमा **रु. एक लाखसम्म**को रकमको निर्धारण गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्नेछ। |

| | |
|---|---|
| | • **<u>सम्झौताः</u>** छनोट भएका उद्यमीलाई छनोट भएको मितिले १५ दिन भित्र सम्झौता गर्न आउने सूचना प्रकाशित गर्नेछ। कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।सम्झौता फाराम अनुसूची- ६ बमोजिम हुनेछ ।<br>• कार्यक्रम कार्यान्वय र अनुगमन । |
| ६. अपेक्षित प्रतिफल | अपाङ्गता भएका व्यक्तिलाई स्वावलम्बी र आत्मनिर्भर बनाई सक्षम नागरिक हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • **<u>प्रस्ताव</u> पेश गर्दा पेश गर्नुपर्ने कागजातहरु**<br>(क)नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>(ख)अपाङ्गताको परिचयपत्रको प्रतिलिपि,<br>(ग) संस्था दर्ता, पान दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि<br>(घ) सम्बन्धित स्थानीय तहको सिफारिश ।<br>(ङ) आफुले गर्दै आएको पेशा व्यवसायको विवरण र लागत अनुमान<br>• **भुक्तानी<u>को लागि</u> पेश गर्नुपर्ने कागजातहरु**<br>(क) कार्यक्रम सञ्चालनको फोटोहरु (कार्यक्रम पूर्व, गर्दैगर्दा र सम्पन्न पछिको)<br>(ख) सम्बन्धित सक्कल बिल, भरपाइ र कार्यसम्पन्न प्रतिवेदन<br>(ग) भुक्तानीका लागि सम्बन्धित स्थानीय तहको सिफारिस<br>(भुक्तानी गर्नु अघि सम्बन्धित उद्यमशीलताको स्थलगत अनुगमन गर्न सक्नेछ र सोका आधारमा अनुदान रकम भुक्तानी दिईनेछ।) |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |

## २.१.१२ लागु औषध तथा कुलतमा लागेका युवाका लागि मनोपरामर्श तथा प्रशिक्षण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ५०० | दोस्रो र तेस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशभित्रका पुर्नस्थापना तथा सुधार केन्द्रमा रहेका लागु औषध दुर्व्यसनीहरुको तथ्याङ्क लिई ती लागु औषत दुर्व्यसनीहरुलाई मनोपरामर्श तथा प्रशिक्षण गर्ने र भावि जीवन सहज एवं सरल तरिकाले यापन गराउने उद्देश्यले यो कार्यक्रम राखिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | परामर्श तथा प्रशिक्षणको माध्यमबाट लागु औषध दुर्व्यसनी युवाहरुलाई कुलतबाट छुटाई सहज र सरल जीवनयापन गर्नको लागि सहयोग गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र पुनर्स्थापना केन्द्रहरु। |
| ५. बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन लगायतका खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • आवश्यकता अनुसार बिज्ञहरु समेतको उपस्थितिमा समन्वय वैठक गर्ने ।<br>• देहायको समन्वय समितिको गठन गर्ने। |

| | |
|---|---|
| | संयोजक - महाशाखा प्रमुख(युवा तथा खेलकुद महाशाखा)<br>सदस्य - महाशाखा प्रमुख( प्रशासन तथा योजना महाशाखा)<br>सदस्य - शाखा प्रमुख, आर्थिक प्रशासन शाखा<br>सदस्य - शाखा प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा (समन्वय समितिले मनोनयन गरेको मनोपरामर्श सम्बन्धी विज्ञ र पुनर्स्थापना केन्द्रको प्रतिनिधि समेत आमन्त्रित गर्न सक्नेछ)<br>• गण्डकी प्रदेशभित्र रहेका पुर्नस्थापना तथा सुधार केन्द्रहरुको विवरण अद्यावधिक गर्ने ।<br>• मनोपरामर्श र प्रशिक्षण कार्यक्रम सञ्चालनको तय गर्ने ।<br>• आवश्यकतानुसार विज्ञ/मनोपरामर्शकर्तालाई प्रशिक्षकको रुपमा छनोट गर्ने<br>• विगतका वर्षहरुमा कार्यक्रम सञ्चालन नगरेका पुनर्स्थापना केन्द्र तथा सुधार केन्द्रहरुलाई प्राथमिकता दिई सम्बन्धित पुनर्स्थापना केन्द्रसँग समन्वय गरी त्यहाँ रहेका लागु औषध दुर्व्यसनी युवाहरुलाई समन्वय समितिले निर्धारण गरेको विषयवस्तुमा आधारित रहेर मनोपरामर्श तथा प्रशिक्षण गर्ने ।<br>• कार्यक्रम सम्पन्न पश्चात समग्र प्रतिवेदन तयारी । |
| ६. अपेक्षित प्रतिफल | लागु औषध दुर्व्यसनीमा लागेका युवाहरुलाई कुलतबाट छुटाई उनीहरुलाई सहज एवं सरल जीवनयापन गर्नको लागि सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | कार्यक्रम सञ्चालन सम्बन्धी विवरण, खर्चका विल भरपाईहरु, कार्यक्रमको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा |

### २.१.१३ नेपाल स्काउट सम्बन्धी तालिम तथा प्रशिक्षण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ५०० | दोस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | नेपाल स्काउट तथा विश्व स्काउटको सिद्धान्त र मूल्य मान्यता अनुरुप नेपाली बालबालिका तथा युवा वर्गलाई अनुशासित, स्वाबलम्वी र चरित्रवान बनाई सेवा भावनाको अभिवृद्धि गर्दै देश विकासको मार्गमा लाग्न अभिप्रेरित गर्नका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | स्थानीयस्तरमा स्काउट शिक्षाको विकास गरि प्रदेश तहमा स्काउटको विकासमा योगदान पुर्‍याउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा। |
| ४. बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन लगायतका खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • तयारी बैठक,<br>• तालिमका क्षेत्र निर्धारण (वि.टि.सी./पि.टि.सी.),<br>• प्रस्ताब माग र छनौट गर्ने, |

| | |
|---|---|
| | • सरोकारवालाहरुसँग समन्वय, कार्यक्रमका सहभागिहरु छनौट र कार्यक्रम सञ्चालन। <br>• अनुगमन मूल्याङ्कन |
| ६. अपेक्षित प्रतिफल | स्थानीयस्तरमा स्काउट शिक्षाको विकास गरि प्रदेश तहमा स्काउटको विकासमा योगदान पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बैठकका निर्णय प्रति <br>• कार्यक्रम सञ्चालन सम्बन्धी विवरण <br>• खर्चका विल भरपाईहरु <br>• कार्यक्रमको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय,गण्डकी प्रदेश, पोखरा । |

## २.१.१४ युवा उद्यम तथा स्वरोजगार कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | १०००० | दोस्रो/तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | युवाहरुको क्षमता विकास तथा परिचालनबाट उनीहरुको व्यक्तिगत उद्यम विकासको साथसाथै प्रदेश र राष्ट्रकै समृद्धिमा मद्दत पुग्दछ । गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना र वार्षिक नीति तथा कार्यक्रमले तय गरेको युवा विकास तथा परिचालन सम्बन्धी उद्देश्य समेत हासिल गर्न युवा उद्यम तथा स्वरोजगार कार्यक्रम राखिएको हो । यो कार्यक्रम अन्तर्गत विनियोजित बजेट खेल क्षेत्रमा आबद्ध भई स्वरोजगार मुलक गतिविधिमा संलग्न भएका खेल प्रशिक्षकहरु/ पूर्व खेलाडी/खेलाडीहरु, अपाङ्गता भएका युवाहरु र स्वदेशमै स्वरोजगारमुलक गतिविधिमा संलग्न युवाहरुले उत्पादन तथा प्रशोधन जस्ता उद्यम सञ्चालन गरिरहेका वा गर्न चाहने व्यक्तिगत अथवा सामूहिक फर्म वा संस्थाहरुको उत्पादन तथा प्रशोधनमा आधुनिकीकरण गर्न सहयोग पु-याउन आवश्यक देखिन्छ। युवाहरु भन्नाले १६ वर्ष देखि ४० वर्ष उमेर समूहका युवाहरुलाई बुझाउँछ । |
| २. कार्यक्रमको उद्देश्य | गण्डकी प्रदेशका उद्यमशिल युवाहरुलाई व्यक्तिगत वा सामूहिक रुपमा स्वरोजगारी सिर्जना गर्ने तथा वस्तुको उत्पादन र प्रशोधनमा आधुनिकीकरणका लागि सहयोग पुऱ्याउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | • सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा। |
| ४. बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च, उद्यम विकास सहयोग रकम लगायतको खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • **सूचना तथा प्रस्ताव माग गर्नेः** राष्ट्रियस्तरको दैनिक पत्रिकामा २१ दिनको म्याद राखी सूचना प्रकाशन गरिनेछ । साथै मन्त्रालयको वेभसाइट र सूचना पाटीमा समेत सूचना प्रकाशन गरिनेछ। <br>• **प्रस्ताव पेश गर्नेः** यस कार्यक्रमा सहभागी हुन इच्छुक व्यक्तिगत/सामुहिक |

| | |
|---|---|
| | संस्थाले अनुसूची-७ बमोजिमको ढाँचामा प्रस्ताव (व्यावसायिक योजना समेत) तयार गरी देहाय अनुसारका कागजातहरु पेश गर्नु पर्नेछ । एउटा संस्थाले एक भन्दा धेरै प्रस्ताव पेश गर्न पाईने छैन ।<br>क. संस्था दर्ता तथा नवीकरण सम्बन्धी प्रमाण पत्रको प्रतिलिपि<br>ख. लेखापरीक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि<br>ग. उद्यमको लागि प्रयोग गरिने जग्गा तथा भौतिक संरचनाको स्वामित्व खुल्ने प्रमाण अथवा भोगाधिकार/लिजमा लिएको प्रमाण<br>घ. स्थानीय तहको सिफारिस<br>ङ. उद्यमको परियोजना प्रस्ताव र अनुसूचि ९ वमोजिमको स्वघोषणा पत्र।<br>(प्रस्ताव बुझाउने संस्था गण्डकी प्रदेशमा स्थापना भई उद्यम व्यवसायका गतिविधि समेत यसै प्रदेशमा गरेको हुनु पर्नेछ । संस्था एकल भएमा युवाद्वारा स्थापना एवं सञ्चालन भएको र सामुहिक भएमा कम्तिमा १(एक) जना सञ्चालक सदस्य अनिवार्य युवा हुनु पर्नेछ। तर खेल प्रशिक्षक र खेलाडी/पूर्व खेलाडीहरुको हकमा उमेरहद नलाग्ने भएतापनि निजहरुको नाममा उद्यम दर्ता भएको र एकाघर परिवार (नाता प्रमाणित समावेश हुनु पर्ने) का युवा उद्यम सञ्चालनमा संलग्न भएको हुनै पर्नेछ।<br>• **प्रस्ताव मूल्याङ्कनका आधारहरुः** मूल्याङ्कनका आधारहरु र अङ्क विभाजन अनुसूची ८ बमोजिम हुनेछ ।<br>• **प्रस्तावको छनौट र स्वीकृतिः** प्राप्त प्रस्ताव स्विकृतिको लागि मन्त्रालयमा सिफारिस गर्न देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ।<br>क. मन्त्रालयको युवा तथा खेलकुद महाशाखा प्रमुख - संयोजक<br>ख. प्रशासन तथा योजना महाशाखा प्रमुख - सदस्य<br>ग. उद्योग/व्यवसायसँग सम्बन्धित मन्त्रालयका अधिकृत प्रतिनिधि - सदस्य<br>घ. गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठानको प्रतिनिधि - सदस्य<br>ङ. कानून अधिकृत, मन्त्रालय - सदस्य<br>च. मन्त्रालयको युवा शाखा प्रमुख - सदस्य सचिव<br>(समितिले आवश्यकता अनुसार सम्वन्धित क्षेत्रका विज्ञ आमन्त्रण गर्न सक्नेछ । प्रस्तावको छनौट गर्नुभन्दा अघि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले उद्यमको स्थलगत अनुगमन निरीक्षण गरी गराई प्रतिवेदन लिन सक्नेछ।)<br>• **सम्झौताः** प्रस्ताव स्वीकृत भए पश्चात् सम्बन्धित संस्थाले परियोजना प्रस्ताव र निवेदनमा उल्लिखित उद्यम सञ्चालन गर्ने विषयमा मन्त्रालय र संस्थाको बीचमा सम्झौता गरिनेछ। सम्झौतामा मन्त्रालयले प्रदान गर्ने रकम, समय र प्रक्रिया तथा संस्थाले गर्नुपर्ने उद्यम, राख्नुपर्ने लेखा, प्रतिवेदन आदि विषयहरु समेटिनेछ। छनौट भएको कुनै संस्थाले तोकिएको समयभित्र कारणवश सम्झौता गर्न नआएमा मन्त्रालयले निर्णय गरी बैकल्पिक संस्थाहरु मध्ये उच्चतम अङ्क प्राप्त गरेका व्यक्तिगत वा सामूहिक संस्थालाई सो वजेट रकम प्रदान गर्न सक्नेछ । सम्झौताको |

| | |
|---|---|
| | ढाँचा अनूसुची १० बमोजिम हुनेछ ।<br>• <u>अन्य शर्तहरु</u><br>१. उद्यम व्यवसायको सञ्चालनको लागि रकम प्राप्त गर्ने संस्था र प्रदान गरिने रकम सहितको विवरण मन्त्रालयले सार्वजनिक गर्नुपर्नेछ ।<br>२. **कार्यक्रम संचालनः** सम्झौता भएको १५ दिनभित्र सम्बन्धित संस्थाले सम्झौता बमोजिमको कार्य प्रारम्भ गर्नुपर्नेछ ।<br>३. **प्राथमिकताका क्षेत्रहरुः** उद्यमको लागि प्राभमिकताका क्षेत्रहरु देहाय बमोजिम हुनेछन् ।<br>क. उत्पादनमुलक ख. उत्पादनको प्रशोधनजन्य<br>४. **लागत साझेदारी सम्बन्धी व्यवस्थाः** उद्यम सञ्चालन रकम प्राप्त गर्ने व्यक्ति/संस्थाले साझेदारीको रुपमा मन्त्रालयबाट प्राप्त हुने रकमको कम्तीमा बीस प्रतिशत रकम लागत साझेदारी गर्नुपर्नेछ । उद्यम सञ्चालन रकम प्राप्त गर्नु अगाडि नै सम्बन्धित संस्थाको लागत साझेदारी वापतको रकम सम्बन्धित उद्यम/संस्थाको बैङ्क खातामा जम्मा गरिसकेको हुनुपर्नेछ ।<br>५. **उद्यम सञ्चालन रकम प्रदान सम्बन्धी आर्थिक कार्यप्रणालीः** सम्झौता बमोजिमको कार्य सम्पन्न भए पश्चात मन्त्रालय/सामाजिक विकास कार्यालयले उद्यम सञ्चालन रकम सम्बन्धित उद्यम/संस्थाको बैंक खातामा उपलब्ध गराउनेछ। उद्यम सञ्चालन वापतको प्राप्त गरेको रकम नियमानुसार सदुपयोग गरे नगरेको सम्बन्धमा अनुगमन गरी आवश्यक निर्णय गरिनेछ ।<br>६. **उद्यम सञ्चालन गर्ने उद्यमी/संस्थाले पालना गर्नुपर्ने शर्तहरुः** यस कार्यक्रमबाट छनौट भएका संस्थाहरुले देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्नेछ ।<br>क. आर्थिक कारोबार बैंकिङ प्रणाली मार्फत गर्नुपर्नेछ ।<br>ख. संस्थाको हरहिसाब स्वीकृत लेखा प्रणाली अनुसार राख्नुपर्ने र यस मन्त्रालयमा कार्य सम्पन्न पश्चात कार्य प्रगति विवरण पेश गर्नुपर्नेछ ।<br>ग. प्रोत्साहन रकम ग्राहीको कारणबाट तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेमा अथवा अन्य क्षति भएमा त्यसको जिम्मेवार स्वयं सम्बन्धित उद्यमी/संस्था नै हुनेछ ।<br>७. **उद्यम सञ्चालन रकम निर्धारणः** यस मन्त्रालयमा प्राप्त प्रस्तावहरु मध्ये जिल्लागत रुपमा मुल्याङ्कन गरी उच्चतम अङ्क प्राप्त गर्ने व्यक्तिगत वा सामुहिक संस्थालाई सूचीकृत गरी उद्यम सञ्चालन रकम वापत अधिकतम दुईलाख रुपैयासम्म प्रदान गरिनेछ।<br>• **कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनः** कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन मन्त्रालयले गर्नेछ। अनुगमनको सिलसिलमा दिइएका निर्देशन एवं सुझावहरु पालना गर्ने जिम्मेवारी उद्यम सञ्चालन गर्ने संस्थाको |

| | |
|---|---|
| | हुनेछ ।<br>• **प्रगति प्रतिवेदनः** संस्थाले उद्यमको व्यवस्थापन तथा आर्थिक पक्ष समेत समेटेर मन्त्रालय समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ। |
| ६. अपेक्षित प्रतिफल | गण्डकी प्रदेशका उद्यमशिल युवाहरुको व्यक्तिगत वा सामूहिक संस्थाको माध्यमबाट उनीहरुको उत्पादन तथा प्रशोधन उद्यममा आधुनिकीकरण गर्न टेवा पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • प्रस्ताव पेश गर्दा पेश गर्नुपर्ने कागजातहरु<br>(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>(ख) खेलाडी भएमा परिचयपत्रको प्रतिलिपि र नाता प्रमाणित (जिल्लास्तर, प्रदेशस्तर, राष्ट्रियस्तर तथा अन्तर्राष्ट्रियस्तरको खेलाडी भएको आधिकारिक प्रमाण)<br>(ग) संस्था दर्ता/नविकरण/पान दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि<br>(घ) स्थानीय तहको सिफारिश ।<br>(ङ) आफुले गर्दै आएको पेशा व्यवसाय सम्बन्धी विवरण र लागत अनुमान<br>• भुक्तानीको लागि पेश गर्नुपर्ने कागजातहरुः<br>उद्यमीले सम्झौतामा उल्लिखित कार्यक्रम सम्पन्न गरी भुक्तानीका लागि देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछः<br>(क) कार्यक्रम सञ्चालन भएको देखिने फोटोहरु (कार्यक्रम पूर्व, कार्य गर्दा र सम्पन्न पश्चात)<br>(ख) सक्कल बिल, भरपाई<br>(ग) भुक्तानीका लागि सम्बन्धित स्थानीय तहको सिफारिस<br>(घ) निर्माण सम्बन्धमा प्राविधिक लागत इष्टिमेट, नापी किताब र कार्य सम्पन्न प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |

## २.२ खेलकुद तर्फ

### २.२.१ एक स्थानीय तह एक खेलमैदान निर्माण एवं स्तरोन्नति

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | २५ | ४०००० | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | खेलकुदको माध्यमबाट बालबालिका, युवा, वयस्क तथा प्रौढहरुको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकास गर्न, स्थानीय तहदेखि नै प्रतिस्पर्धी खेलाडीहरुको उत्पादन एवं विकास गर्नका लागि स्थानीय तहहरुमा खेलकुदका पूर्वाधारहरु खेलमैदान, रंगशाला, कभर्डहल आदि जस्ता खेल पूर्वाधार र सोसँग सम्बन्धित आधारभूत संरचनाहरुको निर्माण एवं स्तरोन्नति गर्न आवश्यक देखिन्छ। |

| | | |
|---|---|---|
| २. | कार्यक्रमको उद्देश्य | स्थानीय तहहरुमा एक स्थानीय तह एक खेलमैदान निर्माण एवं स्तरोन्नतिका लागि सहयोग पुऱ्याउनु। |
| ३. | कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा र स्थानीय तह |
| ४. | बजेट बाँडफाँट | पुर्वाधार विकास संरचना निर्माण/स्तरोन्नती रकम/अनुगमन /सञ्चालन एवं व्यवस्थापन सम्वन्धी खर्चहरु |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • प्रस्ताव आह्वान गर्नेः सार्वजनिक सूचना मार्फत प्रदेश अन्तर्गतका स्थानीय तह स्वयंले वा स्थानीय तहद्वारा गठित निर्माण उपभोक्ता समिति वा स्थानीय तहले सिफारिस गरेको खेलकुद/युवा क्लवबाट अनुसूची- ११ बमोजिमको ढाँचामा प्रस्ताव माग गर्ने। प्रस्तावकले आवश्यक ड्रईङ, डिजाइन, लागत अनुमान र स्पेशिफिकेशन सहितको नगरपालिका/गाउँपालिकाबाट स्वीकृत अनुमानित लागत इष्टिमेट वा विस्तृत परियोजना प्रतिवेदन ( DPR), प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, अनुसूचि १५ बमोजिमको स्वघोषणा पत्र, कम्तीमा दश प्रतिशत लागत साझेदारी (स्थानीय तह/उपभोक्ता समितिबाट) सुनिश्चित गरिएको पत्र सहितको स्थानीय तहको सिफारिस, खेल मैदान निर्माण हुने स्थानको कित्ता नं. खुलेको नक्शा र उक्त जग्गाको क्षेत्रफल र हकभोक सम्बन्धमा पालिकाको पत्र र निर्माण समितिका पदाधिकारीहरुको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । यस कार्यक्रमको हकमा एक स्थानीय तहले एक भन्दा वढिको सिफारिस गर्न पाइने छैन ।<br>• <u>**प्रस्तावको छनौट र स्वीकृतिः**</u> प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी मन्त्रालयमा सिफारिस गर्न देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।<br>१. युवा तथा खेलकुद महाशाखा प्रमुख - संयोजक<br>२. प्रदेश खेलकुद परिषद, गण्डकीको अधिकृत प्रतिनिधि - सदस्य<br>३. आर्थिक/प्रशासन शाखा प्रमुख - सदस्य<br>४. कानून अधिकृत - सदस्य<br>५. खेलकुद शाखा प्रमुख - सदस्य सचिव<br>(समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ आमन्त्रण गर्न सक्नेछ । प्राप्त प्रस्तावहरुलाई अनुसूची- १२ मा उल्लिखित आधार बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्नेछ । स्थानीय तहको निर्माण एवं स्तरोन्नती गरिने खेल मैदानको सूची मन्त्रालयको वेवसाइट मार्फत् सार्वजनिक गरिनेछ। सम्झौता गर्नु भन्दा अगाडि मन्त्रालयले निर्माण स्थलको स्थलगत अनुगमन निरीक्षण गरी कार्यक्रम सञ्चालन हुन सक्ने सुनिश्चितता सम्बन्धी प्रतिवेदन लिन सक्नेछ।)<br>• <u>**कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्झौताः**</u> खेल मैदान निर्माण एवं स्तरोन्नतीका लागि छनौट भएका स्थानीय तहले योजना सम्झौता र कार्यान्वयनका लागि निर्माण उपभोक्ता समिति वा खेलकुद युवा क्लवलाई तोक्नु पर्नेछ । सम्झौताको ढाँचा अनुसूची- १३ बमोजिम हुनेछ । |

| | |
|---|---|
| | • **<u>कार्यक्रम सञ्चालनः</u>** (१) कार्यक्रम कार्यान्वयनको सम्झौता भएपछि सम्बन्धित संस्थाले जतिसक्दो छिटो कार्यारम्भ गर्नुपर्नेछ । कार्यक्रम कार्यान्वयन गर्ने संस्थाले लागत इष्टिमेट वा विस्तृत परियोजना प्रतिवेदन र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनका आधारमा कार्ययोजना तयार गरी सोही आधारमा कार्य सञ्चालन गर्नुपर्नेछ ।कार्यस्थलमा अनुसूची-१४ अनुसारको कार्यक्रम सूचना पाटी अनिवार्य राख्नु पर्नेछ। कार्यारम्भ भएपछि सम्बन्धित स्थानीय तहले सोको जानकारी मन्त्रालयलाई दिनुपर्नेछ । निर्माण कार्य सम्पन्न भए पश्चात सो को प्रतिवेदन स्थानीय तह र मन्त्रालयमा पेश गर्नुपर्नेछ । प्रतिवेदनको ढाँचा अनुसूची-१६ वमोजिम हुनेछ। निर्माण सम्पन्न गर्ने दायित्व सम्बन्धित खेल मैदान निर्माण गर्ने संस्थाको हुनेछ ।<br>• **<u>कार्यक्रम अनुगमनः</u>**<br>कार्यक्रमको अनुगमन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र सम्बन्धित स्थानीय तहले गर्नेछ। अनुगमनको सिलसिलामा दिइएका सुझावहरु पालना गर्ने जिम्मेवारी कार्यक्रम सञ्चालन गर्ने स्थानीय तह/संस्थाको हुनेछ । |
| ६. अपेक्षित प्रतिफल | खेल पूर्वाधार र सोसँग सम्बन्धित आधारभूत संरचना निर्माण वा स्तरोन्नती गरि प्रदेश खेलकुद विकासका लागि स्थानीय तहहरुमा एक स्थानीय तह एक खेलमैदान निर्माण एवं स्तरोन्नति भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | स्थानीय तहले प्रस्ताव पेश गर्दा देहायका कागजातहरु समेत पेश गर्नु पर्नेछः-<br>• कम्तीमा दश प्रतिशत लागत साझेदारी (स्थानीय तह/उपभोक्ता समितिबाट) सुनिश्चित गरिएको पत्र सहितको स्थानीय तहको सिफारिस।<br>• खेल मैदान निर्माण हुने स्थानको कित्ता नं. खुलेको नक्शा र उक्त जग्गाको क्षेत्रफल र हकभोक सम्बन्धमा पालिकाको पत्र ।<br>• निर्माण समितिका पदाधिकारीहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपि।<br>• कार्यक्रम सम्पन्न पश्चात प्राविधिक मूल्यांकन प्रतिवेदन, बील, भरपाई र खेल मैदान निर्माण गर्ने संस्थाको बैंक खाता विवरण<br>• सम्झौता एवं कार्यक्रम सम्पन्न प्रतिवेदन बमोजिमको रकम खेल मैदान निर्माण उपभोक्ता समिति/संस्थाको बैंक खातामा भुक्तानी गरिनेछ । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |

## २.२.२ खेलकुद मैदान मर्मत सम्भार

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | २० | ५००० | पहिलो /दोस्रो/ तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | खेलकुदको माध्यमबाट बालबालिका, युवा, वयस्क तथा प्रौढहरुको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकास गर्न, स्थानीय तह देखि नै प्रतिस्पर्धी खेलाडीहरुको उत्पादन एवं विकास गर्न र प्रदेशमा रहेका खेलकुद |

| | | |
|---|---|---|
| | | पूर्वाधारहरुको मर्मत सम्भार गरी चुस्त दुरुस्त रुपमा खेलहरु आयोजना गर्न तथा खेलाडीको विकास गर्न आवश्यक रहेको छ । |
| २. | कार्यक्रमको उद्देश्य | खेलमैदान, रंगशाला, कभर्डहल आदि जस्ता खेल पूर्वाधार र सोसँग सम्बन्धित आधारभूत संरचनाको मर्मत सम्भार गर्नु। |
| ३. | कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा/ सम्वन्धित सामाजिक विकास कार्यालय |
| ४. | बजेट बाँडफाँट | खेलकुद पुर्वाधार विकास संरचना ममर्त सम्भार रकम, सञ्चालन तथा व्यवस्थापन खर्च लगायतका खर्चहरु |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • **<u>प्रस्ताव आव्हान गर्ने</u>** सार्वजनिक सूचना मार्फत प्रदेश अन्तर्गतका स्थानीय तहहरुको सिफारिसमा युवा क्लब, विद्यालय तथा खेलकुदसँग सम्बन्धित संघ/सँस्थाहरुवाट प्रस्ताव माग गर्ने र खेल मैदान मर्मत सम्भारका लागि अनुसूची-१७ बमोजिमको ढाँचामा प्रस्ताव माग गर्ने। प्रस्ताव पेश गर्ने निकाय/संस्थाले देहायका कागजातहरु पेश गर्नुपर्नेछः-<br>(क) सरकारी निकायका प्राविधिकले तयार पारेको लागत अनुमान (लागत अनुमानको कम्तिमा दश प्रतिशत रकम सम्बन्धित निकाय/सँस्थाको लागत सहभागिता हुने गरी तयार पारेको हुनुपर्ने।)<br>(ख) खेल मैदान कुनै व्यक्तिको हकभोग नरहेको भन्ने सम्बन्धित स्थानीय तह/वडाको सिफारिस,<br>(ग) योजनाको सम्झौता गर्ने पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णयको प्रतिलिपि<br>(घ) समितिका पदाधिकारीहरुको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि<br>(ङ) अनुसूचि २१ वमोजिमको स्वघोषणा पत्र ।<br>• **<u>प्रस्तावको छनौट र स्वीकृतिः</u>** प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गर्न मन्त्रालयमा देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।<br>**१.** युवा तथा खेलकुद महाशाखा प्रमुख - संयोजक<br>**२.** प्रदेश खेलकुद परिषद, गण्डकीको अधिकृत प्रतिनिधि - सदस्य<br>**३.** आर्थिक/प्रशासन शाखा प्रमुख - सदस्य<br>**४.** कानून अधिकृत - सदस्य<br>**५.** खेलकुद शाखा प्रमुख - सदस्य सचिव<br>(समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ आमन्त्रण गर्न सक्नेछ । प्राप्त प्रस्तावहरुलाई अनुसूची- १८ मा उल्लिखित आधार बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्नेछ। सम्झौता गर्नु भन्दा अगाडि मन्त्रालयले निर्माण स्थलको स्थलगत अनुगमन निरीक्षण गरी कार्यक्रम सञ्चालन हुन सक्ने सुनिश्चितता सम्बन्धी प्रतिवेदन लिन सक्नेछ।)<br>• **<u>कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्झौताः</u>** छनौट भएका निकायले २१ दिन भित्र मन्त्रालय/सामाजिक विकास कार्यालयसँग सम्झौता गरिसक्नु पर्नेछ ।सम्झौताको ढाँचा अनुसूची- १९ बमोजिम हुनेछ । सम्झौता पश्चात |

| | |
|---|---|
| | सम्बन्धित संस्था मार्फत यो कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।<br>• **कार्यक्रम सञ्चालनः** (१) कार्यक्रम कार्यान्वयनको सम्झौता भएपछि सम्बन्धित संस्थाले जतिसक्दो छिटो कार्यारम्भ गर्नुपर्नेछ । कार्यक्रम कार्यान्वयन गर्ने संस्थाले लागत इष्टिमेटका आधारमा कार्य सञ्चालन गर्नुपर्नेछ । कार्य स्थलमा अनुसूची-२० अनुसारको सूचना पाटी अनिवार्य राख्नुपर्नेछ। कार्यारम्भ भएपछि सम्बन्धित संस्थाले सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ । मर्मत सम्भार कार्य सम्पन्न भए पश्चात सो को प्रतिवेदन पेश गर्नुपर्नेछ । प्रतिवेदनको ढाँचा अनुसूची-२२ वमोजिम हुनेछ । मर्मत कार्य सम्पन्न गर्ने दायित्व सम्बन्धित खेल मैदान मर्मत सम्भार गर्ने निकाय/संस्थाको हुनेछ ।<br>• **कार्यक्रम अनुगमनः** कार्यक्रमको अनुगमन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय/सामाजिक विकास कार्यालयले गर्नेछ। अनुगमनको सिलसिलामा दिइएका सुझावहरु पालना गर्ने जिम्मेवारी कार्यक्रम सञ्चालन गर्ने संस्थाको हुनेछ । |
| ६. अपेक्षित प्रतिफल | खेलमैदान, रंगशाला, कभर्डहल आदि जस्ता खेल पूर्वाधार र सोसँग सम्बन्धित आधारभूत संरचनाको मर्मत सम्भार भएको हुनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | कार्यक्रम सम्पन्न पश्चात प्राविधिक मूल्यांकन प्रतिवेदन, बील भरपाई, निकाय/संस्थाको बैंक खाता विवरण पेश गर्नु पर्नेछ । साथै सम्झौता एवं कार्यक्रम सम्पन्न प्रतिवेदन बमोजिमको रकम खेल मैदान निर्माण उपभोक्ता समिति/संस्थाको बैंक खातामा भुक्तानी गरिनेछ । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |

### २.२.३ खेलकुद सम्बन्धी तालिम,गोष्ठी तथा अनुसन्धान कार्य

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | १५०० | तेस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | खेलकुदको गुणात्मक विकास लागि गण्डकी प्रदेशका खेलाडी, प्रशिक्षक र सरोकारवालाहरुको ज्ञान, सिप र क्षमता अभिबृद्धि गर्ने, खेलकुद सम्वन्धी अनुभव र सिकाईको आदान प्रदान गर्ने तथा खेल क्षेत्र सम्वन्धी वर्तमान अवस्था र समस्या एवं चुनौतिहरुको पहिचान गरी समाधानका उपायहरुको खोजी गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | प्रदेश स्तरीय खेलको गुणस्तर तथा खेलकुद क्षेत्र सम्वन्धी खेलाडी र संस्थाको क्षमता विकासमा सहयोग पुऱ्याउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा। |
| ४. बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च लगायतका अन्य खर्चहरु । |
| ५. सञ्चालन गरिने | • अवधारण पत्र तयारी |

| | | |
|---|---|---|
| | क्रियाकलाप | • समन्वय, बैठक र विज्ञ/परामर्श सेवा<br>• कार्यक्रम सञ्चालन,<br>• प्रतिवेदन तयारी, |
| ६. | अपेक्षित प्रतिफल | प्रदेश स्तरीय खेलको गुणस्तर तथा खेलकुद क्षेत्र सम्वन्धी खेलाडी र संस्थाको क्षमता विकासमा सहयोग पुगेको हुनेछ । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम सञ्चालन सम्बन्धी विवरण<br>• खर्चका विल भरपाईहरु,<br>• कार्यक्रमको प्रतिवेदन |
| ८. | अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |

**२.२.४ राष्ट्र तथा प्रदेशको गौरब राख्न सफल प्रदेशका खेलाडीहरुलाई सम्मान तथा प्रोत्साहन**

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ५०० | तेस्रो त्रैमासिक |

| शीर्षक | | विवरण |
|---|---|---|
| १. | पृष्ठभूमि | प्रदेशका तर्फबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरुमा सहभागी भई पदक प्राप्त गर्ने खेलाडी एवं प्रशिक्षकहरुको मनोवल उच्च राख्न र उनीहरुमा नयाँ जोश, जाँगर एवं उत्साहको संचार गराई आगामी दिनहरुमा पनि थप उत्साहजनक परिणाम ल्याउन अभिप्रेरित गर्ने हेतुले यो कर्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | राष्ट्र एवं प्रदेशको गौरव राख्न सफल प्रदेश खेलाडी एवं प्रशिक्षकहरुलाई थप उत्प्रेरित गर्न सम्मान तथा प्रोत्साहन गर्नु । |
| ३. | कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय,गण्डकी प्रदेश, पोखरा । |
| ४. | बजेट बाँडफाँट | पुरस्कार तथा प्रमाणपत्र/सम्मान पत्र र कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च लगायतका अन्य खर्चहरु । |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • सूचना प्रकाशन तथा छनौट<br>• समन्वय बैठक तथा कार्यक्रम सञ्चालन,<br>• सम्मानित हुने खेलाडीहरुलाई पुरस्कार तथा सम्मान पत्र वितरण<br>• प्रतिवेदन तयारी, |
| ६. | अपेक्षित प्रतिफल | राष्ट्र एवं प्रदेशको गौरव राख्न सफल प्रदेश खेलाडी एवं प्रशिक्षकहरुलाई थप उत्प्रेरित गर्न सम्मान तथा प्रोत्साहन भएको हुनेछ । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम सञ्चालन सम्बन्धी विवरणहरु<br>• खर्चका विल भरपाईहरु,<br>• कार्यक्रमको प्रतिवेदन । |
| ८. | अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय,गण्डकी प्रदेश, पोखरा । |

### २.२.५ विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्ने संघ/संस्थालाई अनुदान रकम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ९०० | पहिलो दोस्रो तेस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | स्थानीय तह, जिल्लास्तर, प्रदेशस्तर र राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडी उत्पादनमा सहयोग पु-याउन प्रदेश भित्र हुने विभिन्न खेलकुद प्रतियोगिताका आयोजक वा संचालक संघ/संस्थाहरुलाई उनीहरुबाट प्राप्त प्रस्तावका आधारमा अनुदान सहयोग उपलब्ध गराउन यो कार्यक्रमको राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | प्रदेशस्थित विभिन्न खेलकुद संस्थाहरुले सञ्चालन गरेका खेल सम्बन्धी गतिविधिहरुलाई अनुदान सहयोग प्रदान गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |
| ४. बजेट बाँडफाँट | सञ्चालन तथा व्यवस्थापन खर्च, अनुदान रकम लगायतका खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • बैठक तयारी र सञ्चालन,<br>• खेलकुद प्रतियोगिता सञ्चालन गर्ने संघ संस्थाहरुबाट माग निवेदन एवं प्रस्ताव संकलन,<br>• सहयोगको क्षेत्र पहिचान,<br>• खेलकुद प्रतियोगिताको प्रकृति एवं पेश भएको प्रस्तावका आधारमा बढिमा रु.एक लाखसम्म अनुदान उपलव्ध गराउने गरी रकम निर्धारण ।<br>• कार्य सम्पन्न प्रतिवेदन प्राप्ति र भुक्तानी । |
| ६. अपेक्षित प्रतिफल | प्रदेश स्थित विभिन्न खेलकुद संस्थाहरुबाट सञ्चालन हुने खेलकुद सम्बन्धी गतिविधिहरुलाई आर्थिक सहयोग मार्फत अनुदान भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | सम्पन्न खेलकुद प्रतियोगितासँग सम्बन्धित सक्कल विल/भरपाईहरु, संस्थाको बैठकको निर्णयको प्रतिलिपि, प्रतियोगितासँग सम्बन्धित प्रतिवेदन, आयोजक संस्थाको वैक खाता विवरण र भुक्तानी पाउँ भन्ने निवेदन । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |

### २.२.६ युवा तथा खेलकुद सम्वन्धित दिवस तथा समारोह सञ्चालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ३०० | तेस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | खेलकुदको माध्यमबाट मानव संशाधनको विकास गरी अनुशासित र मर्यादित समाज निर्माण गर्दै "सबैको लागि खेलकुद" भन्ने अभियानलाई साकार पार्न युवा तथा खेलकुद सम्वन्धी दिवस तथा समारोह कार्यक्रम सञ्चालन गरी खेल क्षेत्रको महत्वलाई वचाई राख्न र प्रचार प्रसार समेत गर्नका लागि यो कार्यक्रम राखिएको हो । |

| | | |
|---|---|---|
| २. | कार्यक्रमको उद्देश्य | बालबालिका, युवा तथा वयस्कहरुमा खेलकुदको महत्व बारे जनचेतना अभिवृद्धि गरी खेलकुदमा उनीहरुको रुची बढाउनु । |
| ३. | कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |
| ४. | बजेट बाँडफाँट | प्रचार प्रसार,कार्यक्रम सञ्चालन तथा व्यवस्थापन लगायतका अन्य खर्चहरु। |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • समन्वय बैठक, दिवस छनौट<br>• दिवस समारोह सञ्चालन,<br>• कार्यक्रमको प्रतिवेदन। |
| ६. | अपेक्षित प्रतिफल | बालबालिका, युवा तथा वयस्कहरुमा खेलकुदको महत्व बारे जनचेतना अभिवृद्धि गरी खेलकुदमा उनीहरुको रुचीमा बढोत्तरी आएको हुनेछ । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | कार्यक्रम सम्बन्धी कागजात विवरण, सक्कल विल/भरपाईहरु र कार्यक्रम सम्बन्धी प्रतिवेदन |
| ८. | अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |

### २.२.७ युवा क्लब तथा खेलकुद सम्वन्धी संस्थाहरुका लागि खेलकुद सामग्री प्रोत्साहन कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | १००० | त्रैमासिक |

| शीर्षक | | विवरण |
|---|---|---|
| १. | पृष्ठभूमि | खेलाडी, खेल मैदान र खेल सामग्री कुनै पनि खेलकुद विकासका लागि आधारभूत तत्वहरु हुन । यी तीन मध्ये कुनै एक तत्वको अनुपस्थितिमा खेलकुदको विकास असम्भव छ ।तसर्थ खेलकुद सम्बन्धी आधारभूत ज्ञान र सीप भएका युवा तथा बालबालिकाहरुसम्म खेलकुद सामग्रीको पहुँच पु-याई खेलको माध्यमबाट उनीहरुमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराउन, सबैका लागि खेलकुद भन्ने नारालाई सार्थक बनाउन तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरका प्रतिस्पर्धा गर्न सक्ने खेलाडीको आधार तयार पार्न विभिन्न खेल प्रतियोगिता सञ्चालन गर्ने प्रदेशस्थित युवा क्लब तथा खेल संघ/संस्थाहरुलाई खेलकुद सामग्री उपलब्ध गराउन आवश्यकता महशुस गरी यो कार्यक्रम राखिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | प्रदेश स्थित खेलकुद सम्वन्धी विभिन्न क्लब एवं संघ/संस्थाहरुबाट व्यक्तिहरुको प्रतिभा प्रस्फुटनमा सहयोग र खेलाडीहरुको क्षमता विकासमा सहयोग पुऱ्याउनु। |
| ३. | कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |
| ४. | बजेट बाँडफाँट | खेलकुद सामग्री खरिद र व्यवस्थापन सम्वन्धी खर्चहरु । |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • समन्वय वैठक<br>• मागको आधारमा खेल सामग्री पहिचान तथा स्पेसीफिकेसन तयारी<br>• खेल सामग्री खरिद एवं वितरण, |

| | |
|---|---|
| | • प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | प्रदेश स्थित खेलकुद सम्वन्धी विभिन्न क्लब एवं संघ/संस्थाहरुबाट व्यक्तिहरुको प्रतिभा प्रस्फुटनमा सहयोग र खेलाडीहरुको क्षमता विकासमा सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | खेलकुद सामग्री माग निवेदन, सामग्री खरिद विल भरपाई र वितरण/हस्तान्तरण कागजात । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |

## २.२.८ गण्डकी प्रदेशबाट ओलम्पिक खेलमा सहभागी खेलाडीहरुलाई प्रोत्साहन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ५५५ | तेस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशबाट ओलम्पिक खेलकुद प्रतियोगिताहरुमा सहभागी भएका प्रदेश खेलाडी एवं प्रशिक्षकहरुलाई उत्प्रेरणा एवं हौसला प्रदान गर्न प्रोत्साहन स्वरुप पुरस्कार तथा सम्मान गर्न यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | गण्डकी प्रदेशबाट ओलम्पिक प्रतियोगितामा सहभागी खेलाडीहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार र सम्मान प्रदान गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |
| ४. बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च, नगद तथा प्रमाण पत्र/सम्मान पत्र, दोसल्ला, व्यानर निर्माण, स्टेशनरी समान खरिद लगायतका अन्य खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • सूचना प्रकाशन तथा छनौट<br>• समन्वय बैठक तथा कार्यक्रम सञ्चालन,<br>• सम्मानित हुने ओलम्पिक खेलाडीहरुलाई पुरस्कार तथा सम्मान पत्र वितरण,<br>• प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | गण्डकी प्रदेशबाट ओलम्पिक प्रतियोगितामा सहभागी खेलाडीहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार र सम्मान पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | कार्यक्रम सम्बन्धी विवरण, विल भरपाईहरु, कार्यक्रम प्रतिवेदन । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |

## २.२.९ उत्पादनशील उद्यम तथा स्वरोजगारमा लागेका प्रदेश अन्तर्गतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा खेलाडीहरुलाई प्रोत्साहन कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | १००० | तेस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | विभिन्न विधामा गण्डकी प्रदेशबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुदमा भाग लिने/लिई रहेका युवा खेलाडीहरु खेलकुदका अतिरिक्त उत्पादनशील उद्यम तथा स्वरोजगारमा लागेर आत्मनिर्भर बन्ने प्रयास गरिरहेको अवस्था पहिचान गरी प्रोत्साहन सहयोग पुऱ्याउन यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | उत्पादनशील उद्यम तथा स्वरोजगारमा लागेका प्रदेश अन्तर्गतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा खेलाडीहरुलाई प्रोत्साहन सहयोग पऱ्याउने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |
| ४. बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च, प्रोत्साहन रकम लगायतका अन्य खर्चहरु। |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • **सूचना प्रकाशन तथा छनौट**<br>➢ सूचना प्रकाशन गरी प्रस्ताब माग गर्ने<br>➢ अनुसूची २३ को ढाँचामा युवा खेलाडीहरुले प्रस्ताब पेश गर्ने<br>➢ अनुसूची २४ को ढाँचामा प्रस्ताब मुल्याङ्कन<br>• **मूल्याङ्कन तथा सिफारिस समितिः** पेश भएका प्रस्ताव मूल्याङ्कन र सिफारिस गर्न देहायबमोजिमको समिति रहनेछः<br>युवा तथा खेलकुद महाशाखा प्रमुख,मन्त्रालय -संयोजक<br>प्रतिनिधि,प्रदेश खेलकुद परिषद् -सदस्य<br>प्रशासन/लेखा शाखा प्रमुख, मन्त्रालय -सदस्य<br>युवा शाखा प्रमुख -सदस्य<br>खेलकुद शाखा प्रमुख, - सदस्य सचिव<br>• छनौट भएका उद्यमशील युवा खेलाडीले गर्ने सम्झौताको ढाँचा अनुसूची २५ बमोजिम हुनेछ,<br>• प्रोत्साहन रकमको सीमाः छनौट भई सम्झौता गरेका उत्पादनशील उद्यम तथा स्वरोजगारमा लागेका युवा खेलाडीले उनीहरुको प्रर्वधन योजनाका आधारमा प्रोत्साहन स्वरुप बढीमा रु. एक लाख रुपैयाँ प्रदान गरिनेछ,<br>• प्रतिवेदन तयारी । |
| ६. अपेक्षित प्रतिफल | उत्पादनशील उद्यम तथा स्वरोजगारमा लागेका प्रदेश अन्तर्गतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा खेलाडीहरुलाई प्रोत्साहन सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • **प्रस्तावको लागि पेश गर्नुपर्ने कागजातहरुः** |

| | |
|---|---|
| | (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>(ख) खेलाडी खेलको स्तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खुल्ने परिचयपत्रको प्रतिलिपि,<br>(ग) सम्बन्धित स्थानीय तहको सिफारिश,<br>(घ) संस्था दर्ताको प्रमाणपत्र/संस्था नविकरणको प्रमाणपत्र,<br>(ङ) उद्यम पेशा व्यवसाय सञ्चालन गरेको देखिने प्रमाण/फोटो,<br>(च) उद्यम/ब्यवसायमा प्रोत्साहन सहयोग प्राप्त नगरेको स्वघोषणा पत्र।<br>• **भुक्तानीको लागि पेश गर्नुपर्ने कागजातहरुः**<br>उद्यमीले सम्झौतामा उल्लिखित कार्यक्रम सम्पन्न गरी भुक्तानीका लागि देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछः<br>(क) उद्यम व्यवसाय सञ्चालन गरेको झल्कने तस्बीरहरु,<br>(ख) उद्यम व्यवसाय प्रबर्धन योजना,<br>(ग) सम्झौताको प्रतिलिपि,<br>(घ) कार्यसम्पन्न प्रतिवेदन,<br>(ङ) सक्कल बिल, भरपाई,<br>(च) बैक खाताको विवरण,<br>(छ) भुक्तानीका लागि सम्बन्धित स्थानीय तहको सिफारिस,<br>(ज) भुक्तानीको लागि निवेदन । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |

**२.२.१० राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेशका खेलाडीहरुको सहभागिताका लागि सहयोग कार्यक्रम**

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | १००० | तेस्रोत्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुदमा उत्साहित बनाई भाग लिनका लागि उपयुक्त वातावरण सृजना गर्न खेलाडीहरुको बैयक्तिक रुपमा तयारी सुदृढ बनाउन यो कार्यक्रम समावेश गरिएको हो । यस कार्यक्रमले सहभागी हुने खेलाडीहरुलाई प्रतिस्पर्धी बनाई पुरस्कार जित्नका लागि थप उर्जा दिने विस्वास गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा गण्डकी प्रदेशका खेलाडीहरुको सहभागिताका लागि सहयोग पुऱ्याउने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |
| ४. बजेट बाँडफाँट | कार्यक्रम व्यवस्थापन खर्च, नगद तथा जिन्सी सहयोग लगायतका अन्य खर्चहरु। |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने गण्डकी प्रदेशका खेलाडीहरुको माग निवेदन |

| | |
|---|---|
| | • मन्त्रालयमा प्राप्त माग निवेदन र सहभागी हुने खेल र स्तरको आधारमा पुऱ्याउनु पर्ने सहयोगको एकिन निर्णय<br>• निर्णयको आधारमा सहयोग प्रदान<br>• प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा गण्डकी प्रदेशका खेलाडीहरुको सहभागिताका लागि सहयोग पुगेको हुनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • **माग निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**<br>(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>(ख) खेलाडी खेलको स्तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खुल्ने परिचयपत्रको प्रतिलिपि,<br>(ग) सम्बन्धित स्थानीय तह र खेलकुद निकायको सिफारिश,<br>(घ) बैंक खाताको विवरण |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |

## २.३ सामाजिक विकास कार्यालय (खेलमैदान निर्माण/खेलमैदान स्तरोन्नति/खेलमैदान मर्मत संभार) कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| ३११५९ | संख्या | | | पहिलो /दोस्रो/तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | खेलकुदको माध्यमबाट बालबालिका, युवा, वयस्क तथा प्रौढहरुको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकास गर्न,स्थानीय तहदेखि नै प्रतिस्पर्धी खेलाडीहरुको उत्पादन एवं विकास गर्न र प्रदेश भित्र रहेका खेलकुद पूर्वाधारहरुको निर्माण/स्तरोन्नति/मर्मत सम्भार गरी चुस्त दुरुस्त रुपमा खेलहरु आयोजना गर्न तथा खेलाडीको विकास गर्न आवश्यक रहेकोले सामाजिक कार्यालयले कार्यान्वयन गर्ने गरी कार्यक्रम राखिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | खेलमैदान जस्ता खेल पूर्वाधार र सोसँग सम्बन्धित आधारभूत संरचनाको निर्माण/स्तरोन्नति/मर्मत सम्भार गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सम्वन्धित सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँट | खेलकुद पुर्वाधार विकास संरचना निर्माण/स्तरोन्नति/ममर्त सम्भार रकम, सञ्चालन तथा व्यवस्थापन खर्च लगायतका खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • **लागत अनुमान तयार गर्नेः** तोकिएका खेलमैदानहरुको निर्माण/स्तरोन्नति/मर्मत सम्भारका लागि प्रदेश अन्तर्गतका सम्बन्धित सामाजिक विकास कार्यालयहरुमा स्थानीय तहहरुको सिफारिसमा युवा क्लब, विद्यालय तथा खेलकुदसँग सम्बन्धित संघ/सँस्थाहरुले निर्णय सहित आफ्नो आवश्यकताका आधारमा अनुसूची-२६ अनुसार माग निवेदन/प्रस्ताव पेश गर्ने । माग निवेदनका आधारमा सामाजिक विकास कार्यालयले प्राविधिक खटाई लागत अनुमान तयार गरी सोको लागत सहभागिता सुनिश्चितता साथ सम्झौता गर्ने निकाय/संस्थाले देहायका कागजातहरु पेश गर्नु पर्नेछः-<br>(क) सरकारी निकायका प्राविधिकले तयार पारेको लागत अनुमान (लागत अनुमानको कम्तिमा दश प्रतिशत रकम सम्बन्धित निकाय/सँस्थाकोलागत सहभागिता हुने गरी तयार पारेको हुनुपर्ने।)<br>(ख) खेलमैदान कुनै व्यक्तिको हकभोग नरहेको भन्ने सम्बन्धित स्थानीयतह/वडाको सिफारिस (जग्गा सार्वजनिक/पर्ती/ऐलानी भएको हुनुपर्ने)<br>(ग) योजनाको सम्झौता गर्ने पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णयको प्रतिलिपि<br>(घ) समितिका पदाधिकारीहरुको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि<br>(ङ)स्वघोषणा पत्र ।<br><u>कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्झौता:</u> सामाजिक विकास कार्यालयले अनुसूची - १९ को ढाँचा बमोजिम सम्झौता गर्नु पर्नेछ। सम्झौता पश्चात सम्बन्धित |

| | |
|---|---|
| | संस्था मार्फत यो कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ ।<br>• कार्यक्रम सञ्चालनः (१) कार्यक्रम कार्यान्वयनको सम्झौता भएपछि सम्बन्धित संस्थाले जतिसक्दो छिटो कार्यारम्भ गर्नुपर्नेछ। कार्यक्रम कार्यान्वयन गर्ने संस्थाले लागतइष्टिमेटका आधारमा कार्यसञ्चालन गर्नुपर्नेछ। कार्य स्थलमा अनुसूची-२० अनुसारको सूचना पाटी अनिवार्य राख्नुपर्नेछ। कार्यारम्भ भएपछि सम्बन्धितसंस्थाले सोको जानकारी कार्यालयलाई दिनुपर्नेछ। निर्माण/स्तरोन्नति/मर्मत सम्भार कार्यसम्पन्न भएपश्चात सोको प्रतिवेदन पेशगर्नुपर्नेछ। कार्य सम्पन्न गर्ने दायित्व सम्बन्धित खेल मैदान निर्माण/स्तरोन्नति/मर्मत सम्भार गर्ने निकाय/संस्थाको हुनेछ।<br>• कार्यक्रम अनुगमनः कार्यक्रमको अनुगमन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय/सामाजिक विकास कार्यालयले गर्नेछ। अनुगमनको सिलसिलामा दिइएका सुझावहरु पालना गर्ने जिम्मेवारी कार्यक्रम सञ्चालन गर्ने संस्थाको हुनेछ । |
| ६. अपेक्षित प्रतिफल | • खेलमैदान जस्ता खेल पूर्वाधार र सोसँग सम्बन्धित आधारभूत संरचनाको निर्माण/स्तरोन्नति/मर्मत सम्भार भएको हुनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम सम्पन्न पश्चात प्राविधिक मूल्यांकन प्रतिवेदन, बील भरपाई, निकाय/संस्थाको बैंक खाता विवरण पेश गर्नु पर्नेछ । साथै सम्झौता एवंकार्यक्रम सम्पन्न प्रतिवेदन बमोजिमको रकम खेलमैदान निर्माण उपभोक्ता समिति/संस्थाको बैंक खातामा भुक्तानी गरिनेछ। |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा र जिल्ला स्थित सामाजिक विकास कार्यालयहरु । |

## अनुसूचीहरु

## अनुसूची-१

### परम्परागत पेशा व्यवसायीले पेश गर्ने प्रस्तावको ढाँचा

(क) निवेदकको नाम थरः ........................................ ...........................................

(ख) पेशा व्यवसायको नामः.................................

(ग) पेशा व्यवसाय सञ्चालन स्थानः जिल्लाः......................गा.पा./न.पा.: ................

वडा नः................ टोलः........................................

(घ) निवेदकको सम्पर्क फोन नः ............................ इमेलः ................. ………………..

(ङ) व्यवसाय सञ्चालनको हालको पूर्वाधारको अवस्थाः .......................... ...............................

(च) व्यवसाय दर्ता गरे/नगरेकोः....................... यदि दर्ता गरेको भए दर्ता नं. :

(छ) योग्यता र अनुभवः ………………….................................

(ज) व्यवसाय सञ्चालन गरेको अवधिः वर्षः.........महिनाः...............दिनः................

(झ) व्यवसायमा प्रयोग हुने कच्चा पदार्थः स्थानीय तहमा प्राप्त................. जिल्ला तहमा प्राप्त............... प्रदेश तहमा प्राप्तः................अन्यः................

(ञ) यो पेशाबाट गत वर्षको कुल आम्दानी रु...................................

(ट) यस पेशामा संलग्न व्यक्तिहरुको संख्याः ............................

(ठ) व्यवसाय सम्बन्धी कुनै तालिम लिएको भए सो को विवरणः .................... ........................

(ड) व्यवसायबाट उत्पादित वस्तु/सेवाको विवरण (क)............................(ख)............................

(ढ) यस अघि कुनै निकायबाट सहयोग/प्रोत्साहन रकम प्राप्त गरेको भएः

| सि.नं. | संघ/प्रदेश/स्थानीय तह र अन्य निकायको नाम | प्राप्त रकम | आर्थिक वर्ष |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

(ण) पेशा व्यवसायमा सुधार, प्रवर्द्धन र विस्तारका लागि आवश्यक सामाग्री/प्रविधिहरु र अनुमानित खर्चः

| सि.नं. | आवश्यक सामाग्री वा प्रविधिको विवरण/उद्देश्य | अनुमानित रकम | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

(त) प्रस्ताव निवेदनका साथ पेश गरेका अन्य कागजातहरुः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

२. सम्बन्धित स्थानीय तहको सिफारिश,

३. व्यवसाय दर्ता प्रमाण पत्र

४. पेशा व्यवसाय सञ्चालन गरेको देखिने फोटो

५. व्यवसाय प्रवर्द्धन व्यवसायिक योजना

…………………..
निवेदकको हस्ताक्षर

## अनुसूची २

## परम्परागत पेशा व्यवसायीले पेश गर्ने प्रस्तावको मुल्याङ्कनको अङ्क विभाजन

१. परम्परागत व्यवसाय सञ्चालनको अवधि एवं अनुभवः २० अङ्क
(प्रति वर्ष ५ अङ्कका दरले)

२. परम्परागत व्यवसाय सञ्चालन हालको पूर्वाधारको अवस्थाः १० अङ्क
(राम्रो- १०, ठिकै- ८ र कमजोर- ६)

३. व्यवसायमा प्रयोग हुने कच्चा पदार्थको आपूर्तिः १० अंङ्क
(स्थानीय तहबाट-१०, जिल्लाभित्रबाट-८ र जिल्ला बाहिरबाट-६)

४. उत्पादित वस्तुको बजारः १० अंङ्क (स्थानीय- ८, जिल्ला भित्र- ९, जिल्ला बाहिर- १०)

५. स्वरोजगार प्रदान भएको संख्याः १० अंङ्क
(प्रति व्यक्ति २ अङ्कका दरले)

६. विगत दुई वर्षमा कुनै निकायबाट सहयोग अनुदान प्राप्त गरे/नगरेकोः ५ अङ्क
(गरेको भए- ०, नगरेको भए- ५)

७. व्यवसाय सम्वन्धी तालिम लिए/नलिएकोः ५ अङ्क
(लिएको भए- ५, नलिएको भए- ०)

८. परम्परागत रुपमा पहिचान खुलेको समुदायबाट सञ्चालन गरिने पेशा/व्यवसाय रहे/नरहेकोः ५ अङ्क
(पहिचान खुलेको समुदाय रहेको भए- ५, नरहेको भए- ०)

९. परम्परागत पेशा/व्यवसाय दर्ता गरे/नगरेकोः ५ अङ्क
(गरेको भए- ५, नगरेको भए- ०)

१०. प्रस्तावको समग्र मूल्याङ्कनः २० अङ्क
(अति राम्रो- २०, राम्रो- १५ र ठिकै- १०)

## अनुसूची- ३
## सम्झौताको ढाँचा

जिल्ला .................... गा.पा./न.पा. ....................... वडा नं. ....... टोलः............... वस्ने वर्ष ....... का एवं ऐ.ऐ. स्थित ....................... नामको परम्परागत पेशा व्यवसाय/फर्म संचालक श्री ........................................ र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखराका बीच परम्परागत पेशालाई आधुनिकीकरण गर्न युवालाई प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धमा तपसिल बमोजिमको सम्झौता गरिएको छ ।

(क) कार्यक्रमको विवरण

१. परम्परागत पेशा/व्यवसायको विवरणः

१.१ फर्मको नामः.................................

१.२ सञ्चालन गर्ने व्यक्तिको नामः ............................

१.३ ठेगानाः .........................................

१.४ परम्परागत पेशा/व्यवसायको नामः

१.५ सञ्चालन हुने स्थलः ................................

(ख) कार्यक्रम सुरु हुने मितिः ...................

(ग) कार्यक्रमको लागत

१. कार्यक्रमको कूल लागत रकम रु. .................अक्षरेपीः रु. .................................. मात्र

२. लागत व्यहोर्ने स्रोतहरूः

२.१. सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयः रु................ ........

२.२. सम्बन्धित संस्थाः रु ........................

२.३. अन्य स्रोतबाटः रु .................

(घ) कार्यक्रम कार्यान्वयन गर्दा सम्पन्न गरिने मुख्य कार्यहरु र अनुमानित लागतको विवरणः

| सि.नं. | मुख्य कार्यहरु | परिमाण | अनुमानित लागत | सम्पन्न गर्न लाग्ने समय | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

(ङ) कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्थाः

१. सम्झौता पछि कार्य शुरु गर्ने र सम्झौता गरेको बढिमा ३ महिना भित्र कार्य सम्पन्न गरि सक्नु पर्नेछ ।

२. कार्य सम्पन्न पश्चात सम्झौता बमोजिमको कार्य सम्पन्न प्रतिवेदन, सक्कल बिल, भरपाई, सम्बन्धित स्थानीय तहको सिफारिस र कामका फोटोहरुका आधारमा निर्णय अनुसारको रकम मन्त्रालयले भुक्तानी दिनेछ ।

माथि उल्लिखित व्यवस्था/शर्त अनुसार योजना कार्यान्वयन गर्न/गराउन हामी निम्न पक्षहरू मन्जुर गर्दछौं।

**संस्थाको तर्फबाट**

दस्तखतः

नाम थरः

पदः

छाप

**मन्त्रालयको तर्फबाट**

दस्तखतः

नाम थरः

पदः

छाप

## अनुसूची –४

### अपाङ्गता भएका युवा उद्यमीलाई प्रोत्साहन सहयोगका लागि युवाले दिने निवेदनको ढाँचा

१. निवेदकको नाम थरः ........................................ ..........................................

२. योग्यता र अनुभवः ..........................................

३. अपाङ्गताको किसिमः.........................वर्गः..............

४. पेशा व्यवसाय सञ्चालन भएको वा गर्न चाहेको स्थानः जिल्लाः..........न.पा./गा.पा.: ...................
वडा नः............ टोलः..........................................

५. निवेदकको सम्पर्क फोन नः .................................. इमेलः ...............................

६. व्यवसाय सञ्चालनको अवधिः वर्षः .........महिनाः...............दिनः.............

७. प्रयोग हुने कच्चा पदार्थः स्थानीयस्तरः.............................. जिल्लास्तरः....................
प्रदेशस्तरः..............................अन्यः...........................

८. यस उद्यमबाट गत वर्षको आम्दानी रु.........................

९. स्वरोजगार प्राप्त भएको/हुने व्यक्ति संख्याः .................

१०. विगत दुई वर्षमा कुनै निकायबाट सहयोग अनुदान प्राप्त गरे नगरेकोः/...............................

११. व्यवसाय सम्बन्धी कुनै तालिम लिएको भए सो को विवरणः ............... ........................

१२. पेशा व्यवसायमा सुधार, प्रवर्द्धन र विस्तारका लागि गर्नुपर्ने मुख्य कार्यहरु र अनुमानित खर्चः

| सि.नं. | कामको विवरण/उद्देश्य | रकम | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

१३. उद्यम/व्यवसायबाट उत्पादित/प्रशोधित/बजारीकरण वस्तुको विवरण

(क).......................

(ख) .................

(ग) .............

**<u>निवेदनका साथ पेश गरेका कागजातहरुः</u>**

(छ)नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ज) अपाङ्गताको परिचयपत्रको प्रतिलिपि,

(झ)सम्बन्धित स्थानीय तहको सिफारिश,

(ञ)संस्था दर्ताको प्रमाणपत्र/संस्था नविकरणको प्रमाणपत्र

(ट) पेशा व्यवसाय सञ्चालन गरेको देखिने प्रमाण/फोटो

.......................
निवेदकको हस्ताक्षर

## अनुसूची- ५

## अपाङ्गता भएका युवा उद्यमीलाई प्रोत्साहन सहयोग प्रस्ताव मुल्याङ्कनको अङ्क विभाजनका आधारहरू

| क सं | मुल्याङ्कनका आधार | अङ्क | कैफियत |
|---|---|---|---|
| १. | अपाङ्गताको किसिम र वर्ग | १० | क, ख, ग र घ लाई क्रमशः १०,९, ८ र ७ अङ्क |
| २. | व्यवसाय सञ्चालनको अवधि | ५ | प्रतिवर्ष २.५० अङ्कका दरले |
| ३. | प्रयोग हुने कच्चा पदार्थ | १५ | स्थानीय, जिल्ला र जिल्ला बाहिरको कच्चा पदार्थ प्रयोग गर्नेलाई क्रमशः १५, १२ र १० अङ्क |
| ४. | उद्यम/व्यवसायबाट गत बर्षको आम्दानी | ५ | प्रति दश हजार १अङ्क |
| ५. | उद्यम/व्यवसायबाट स्वरोजगार प्राप्त भएको/हुने संख्या | १० | प्रति व्यक्ति ५ अङ्कका दरले |
| ६. | विगत दुई वर्षमा कुनै निकायबाट सहयोग अनुदान प्राप्त गरे/नगरेको | ५ | सहयोग प्राप्त गरेको भए- ०, सहयोग प्राप्त नगरेको भए- ५अङ्क |
| ७. | व्यवसाय प्रवर्द्धन योजनाः | ३० | मूल्याङ्कन तथा सिफारिस समितिले निर्धारण गरेका आधार बमोजिम |
| ८. | प्रस्तावको समग्र मूल्याङ्कन | २० | राम्रो, मध्यम, ठिकैलाई क्रमशः २०,१८ र १५ अङ्क |
| | **कुल जम्मा** | १०० | |

## अनुसूची-६

## सम्झौताको ढाँचा

जिल्ला ..... ..... ........ न.पा./गा.पा. ............................ वडा नं. ........ टोल .................. वस्ने वर्ष ....... को श्री .......................................... र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका बीचमा **अपाङ्गता भएका युवा उद्यमीलाई प्रोत्साहन सहयोग सम्बन्धी कार्यक्रम** सञ्चालन सम्बन्धमा तपसिल बमोजिमको सम्झौता गरिएको छ ।

(क) कार्यक्रमको विवरण

१. सञ्चालक/संस्थाको नामः ............................

२. ठेगानाः ..........................................

३. उद्यम व्यवसायको नामः

४. उद्यम सञ्चालन हुने स्थलः ................................

५. कार्यक्रम सुरु हुने मितिः ...................

(ख) कार्यक्रमको लागत

१. कार्यक्रमको कूल लागत रुः.................। (अक्षरेपी......................................) मात्र

२. लागत व्यहोर्ने स्रोतहरूः

२.१. सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशः रु................ ........

२.२. सम्बन्धित व्यक्ति/संस्थाः रु ........................

२.३. अन्य स्रोतबाटः रु .................

(ग) कार्यक्रम कार्यान्वयन गर्दा सम्पन्न गरिने मुख्य कार्यहरु र अनुमानित लागतको विवरणः

| सि.नं. | मुख्य कार्यहरु | परिमाण | अनुमानित लागत | सम्पन्न गर्न लाग्ने समय | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

(घ) कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्थाः

१. सम्झौतापछि कार्य शुरु गर्नेर सम्झौता गरेको बढिमा ३ महिना भित्र कार्य सम्पन्न गरिसक्नुपर्नेछ ।

२. कार्य सम्पन्न पश्चात सम्झौता बमोजिमको कार्य सम्पन्न प्रतिवेदन, सम्बन्धित सक्कल बिल, भरपाइ सम्बन्धित स्थानीय तहको सिफारिस र कामका फोटोहरुका आधारमा निर्णय अनुसारको रकम मन्त्रालयले भुक्तानी दिनेछ ।

माथि उल्लिखित व्यवस्था र शर्तहरु अनुसार आयोजना कार्यान्वयन गर्न/गराउन हामी निम्न पक्षहरू मन्जुर गर्दछौं।

| <u>संस्थाको तर्फबाट</u> | <u>मन्त्रालयको तर्फबाट</u> |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| मितिः | मितिः |
| छाप | छाप |

## अनुसूची-७

## युवा उद्यम तथा स्वरोजगार कार्यक्रम प्रस्तावको ढाँचा

१. संस्थाको विवरणः

नामः...............................................

ठेगानाः जिल्ला................ गा.पा./न.पा. ......................... वडा......... टोल.................

सम्पर्क व्यक्तिको नाम र पदः................................. सम्पर्क नं............ ईमेल ठेगानाः........

२. संस्थाको सञ्चालक सदस्यहरुः

| क्र.सं. | नाम थर | ठेगाना | सम्पर्क नं. | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

३. उद्यमको क्षेत्रः......................... (कृषि/पशुपालन/तरकारी/फलफूल/जडिबुटी/लघु उद्यम/अन्य)

४. उद्यम बारे मुख्य विवरणः..................................... (उत्पादन/प्रशोधन/अन्य)

५. जग्गाको क्षेत्रफलः...........................रोपनी

६. जग्गाको प्रकृतिः निजी/सरकारी भोगाधिकार प्राप्त/लिज

७. उद्यम सफल हुने आधारहरुः.....................

८. उद्यमसँग सम्बन्धित तलको फाराम स्पष्ट तथा वास्तविक हुने गरी अनिवार्य रुपमा भर्नुहोला ।

| क्र.सं. | विषय क्षेत्र | विवरण |
|---|---|---|
| १ | परियोजना प्रस्ताव | छ छैन |
| २ | उपलब्ध भौतिक पूर्वाधारको अवस्था | राम्रो मध्यम कमजोर |
| ३ | उद्यम सञ्चालन हुने भौगोलिक क्षेत्र | हिमाल पहाड तराइ |
| ४ | उद्यमको कच्चा पदार्थ र बजार | स्थानीयस्तर जिल्लास्तर जिल्ला वाहिर |
| ५ | स्वरोजगार अवस्था | ............जना |
| ६ | उद्यमको स्वामित्व | एकल सामुहिक |
| ७ | उद्यमीको प्रकृति | खेलाडी/पूर्व खेलाडी/प्रशिक्षक/अपाङ्गता भएका व्यक्ति/ एकल महिला/वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति |
| ८ | उद्यमको प्रकृति | क.उत्पादनमुलक ख.प्रशोधनजन्य |
| ९ | उद्यम सीप | छ छैन (भएमा प्रमाण संलग्न गर्नुहोला) |
| १० | प्राविधिक सेवाको उपलब्धता | छ छैन (भएमा प्रमाण संलग्न गर्नुहोला) |

९. लगानीका क्षेत्र र रकम आदि पक्षहरु प्रस्ताव योजनामा समेट्नु पर्नेछ ।

प्रस्ताव पेश गर्ने

दस्तखतः

नामः

पदः

सम्पर्क नं.

संस्थाको छापः

## अनुसूची-८

## युवा उद्यम तथा स्वरोजगार कार्यक्रम प्रस्तावको मूल्याङ्कनका आधार र अङ्क विभाजन

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्क | अङ्क दिने मापदण्ड |
|---|---|---|---|
| १ | उपलब्ध भौतिक पूर्वाधारको अवस्था | १० | राम्रो- १०, ठिकै - ८ र कमजोर - ६ अङ्क |
| २ | उद्यम संञ्चालनको भौगोलिक क्षेत्र | ५ | हिमाल क्षेत्र - ५, पहाड/तराइ क्षेत्र- ४ अङ्क |
| ३ | उद्यमको कच्चा पदार्थ र बजार | १५ | स्थानीयस्तर- १५, जिल्लास्तर- १३ र जिल्ला बाहिर- ११ अङ्क |
| ४ | स्व/रोजगारको अवस्था | १५ | परिवारका सदस्य सहित थप रोजगार भएमा प्रति व्यक्ति ५ अङ्कका दरले |
| ५ | उद्यमी/व्यवसायीको प्रकृति | १० | खेलाडी/खेल प्रशिक्षक/पूर्व खेलाडी/अपाङ्गता भएका/एकल महिला - १०, बैदेशिक रोजगारीबाट फर्केका व्यक्ति भएमा- ९, महिला, दलित, जनजाती भएमा - ८ अङ्क र अन्य भएमा -७ अङ्क |
| ६ | उद्यमको प्रकृति | १५ | उत्पादनमुलक भएमा- १५, प्रशोधनजन्य भएमा- १४ अङ्क |
| ७ | उद्यम सीप | ५ | सम्बन्धित काममा तालिम/सीप भएमा-५, नभएमा-० |
| ८ | प्राविधिक सेवाको उपलब्धता | ५ | प्राविधिक सेवा उपलव्ध भएमा- ५, नभएमा - ० |
| ९ | प्रस्तावको समग्र मूल्याङ्कन | २० | धेरै राम्रो- २०, राम्रो- १८ र ठिकै- १५ अङ्क |
| | जम्मा | १०० | |

## अनुसूची - ९

## स्वघोषणा पत्र

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको स्वीकृत वार्षिक बजेटबाट सञ्चालित युवा उद्यम तथा स्वरोजगार कार्यक्रमका लागि मन्त्रालयको मिति ........................ गते प्रकाशित सूचना अनुसार .................. जिल्ला ........................ गा.पा./न.पा./म.न.पा. वडा नं...... अन्तर्गत सञ्चालित ............................ ............................ फर्मलाई रु.......................... (अक्षरेपी ...........................................मात्र) बराबरको उद्यम सञ्चालन रकम स्वीकृत भएकोमा उक्त कार्यक्रमका लागि विगत दुई वर्षमा अन्य संघ संस्था, स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारबाट कुनै पनि रकम प्राप्त नगरेको र मेरो/हाम्रा एकाघरका सदस्य कुनै स्थायी सरकारी सेवामा हाल कार्यरत नभएको स्वघोषणा गर्दछु/गर्दछौं। साथै कार्यक्रम सम्पन्न हुनेसम्म म/हामी लगायत अन्य फर्म/संस्था/समूहका सदस्यहरुको उमेर ४० वर्ष नकट्ने र अन्य व्यवस्था युवा उद्यम तथा स्वरोजगार कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८० अनुसार पालना गर्ने भनी स्वघोषणा गर्दछु/गर्दछौं ।

अन्य यदि प्रोत्साहन रकम प्राप्त भएको भए देहाय अनुसारको विवरण भर्ने:

| क्र.सं. | प्रोत्साहन रकम दिनेको नाम | आ.व. | रकम | गरेको काम | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

माथि उल्लिखित सबै व्यहोरा साँचो हो झुठा ठहरिएमा कानून बमोजिम सहुँला/बुझाउँला ।

**औठा छाप**

| दायाँ | बायाँ |
|---|---|
| | |

**निवेदक संस्था प्रतिनिधि**

**हस्ताक्षर:**

**नाम थर:**

**ठेगाना:**

**पद:**

**मोबाइल नं:**

**मिति:**

## अनुसूची- १०

## युवा उद्यम तथा स्वरोजगार कार्यक्रम सम्झौताको ढाँचाको नमुना

........................ जिल्ला .........................................गाँउपालिका/नगरपालिका वडा नं. ..... स्थित........................................................र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखराका बीचमा **युवा उद्यम तथा स्वरोजगार कार्यक्रम** सञ्चालन सम्बन्धमा तपसिल बमोजिमको सम्झौता गरिएको छ ।

(क) कार्यक्रमको विवरण

१. उद्यमको नामः.....................

२. उद्यम संञ्चालन हुने स्थानः........................

३. कार्यक्रम शुरु हुने मितिः......................

(ख) कार्यक्रमको लागतः

१. कुल लागत रु.......................।(अक्षरेपी..............................................) मात्र ।

२. लागत व्यहोर्ने स्रोतहरुः

२.१ सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयः रु...............

२.२ सम्बन्धित संस्थाः रु..............................

२.३ अन्य स्रोतबाटः रु.....................

(ग) कार्यक्रम कार्यान्वयन गर्दा सम्पन्न गरिने मुख्य कार्यहरु र अनुमानित लागत विवरणः

| क्र.सं. | मुख्य कार्यहरु | परिमाण | अनुमानित लागत | सम्पन्न गर्न लाग्ने समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

(घ) कार्यक्रम कार्यान्वयन सम्वन्धी व्यवस्थाः सम्झौता पछि कार्य शुरु गर्ने र सम्झौता गरेको एक महिना भित्र कार्य सम्पन्न गरि सक्नु पर्नेछ । कार्य सम्पन्न पश्चात सम्झौता वमोजिमको कार्य सम्पन्न प्रतिवेदन सहित सक्कल विल भरपाई र स्थानीय तहको सिफारिस भुक्तानीको लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

माथि उल्लिखित व्यवस्था र शर्त अनुसार कार्यक्रम कार्यान्वयन गर्न गराउन हामी निम्न पक्षहरु मन्जुर गर्दछौं।

**संस्थाको तर्फबाट**

दस्तखतः

नाम थरः..............

पदः

मितिः

छापः

**मन्त्रालयको तर्फबाट**

दस्तखतः

नाम थरः..............

पदः

मितिः

छाप

## अनुसूची-११

## एक स्थानीय तह एक खेलमैदान निर्माण एवं स्तरोन्नती सम्बन्धी कार्यक्रम प्रस्तावको ढाँचा

स्थानीय तहले निम्न विवरण खुल्ने गरी योजना/कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्नेछः

**१. स्थानीय तहको विवरणः**
